# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (तेस्रो बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०२।१८ गते

**माननीय सदस्यहरु,**

आजको वैठकको कारवाही प्रारम्भ हुन्छ

**माननीय सदस्यहरु,**

अब मिति २०७८ साल जेठ १७ गते माननीय अर्थ, भूमि व्यवस्था तथा कृषि सहकारी तथा गरिबी निवारण मन्त्री श्री किरण गुरुङले सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/०७९ को बजेट तयारीका लागि विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकता माथिको छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरुलाई छलफलको लागि ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम, माननीय सदस्य मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मायानाथ अधिकारी**

माननीय सभामुखज्यू,

प्रदेश सभाको यस सम्मानित सदनमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्वारा विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता

प्रस्तुत भइसकेको छ । त्यो सिद्धान्त र प्राथमिकतामा आधारित भएर हामी छलफलमा सहभागी भइरहेका छौं । यो छलफलको क्रममा सबभन्दा प्रारम्भमा अहिले कोभिड-१९ को महामारी संकटबाट धेरै बा-आमा, दाजुभाइ, दिदीबहिनीहरुको निधन भएको छ । धेरै आफन्तजनहरुको निधन भएको छ, साथीहरुको निधन भइसकेको छ, उहाँहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु । अहिले बजेट निर्माणको हामी पहिलो चरणमा सिद्धान्त र प्राथमिकताको बारेमा छलफल गर्दैछौँ । त्यस बारेमा माननीय मन्त्रीज्यूले पुस्तिकाकै रुपमा, व्यवस्थित रुपमा उहाँले प्रस्तुत गरिसक्नु भएको छ । सत्तारुढ दलको प्रमुख सचेतकको हिसावले भन्दा उहाँले प्रस्तुत गरेका विषयहरुमा त्यस्तो विमती राखेर बोल्नु पर्ने धेरै कुरा खास केही छैन । त्यस प्रस्ताव प्रति हाम्रो एकदम सकारात्मक धारणा रहेको कुरा म अनुरोध गर्न चाहन्छु । त्यसमा मेरो आफ्नो केही जोड र कोणका केही कुराहरु राख्न म चाहन्छु । स्वभाविक रुपले सिद्धान्तमा सुखी नागरिक र समृद्ध प्रदेशको कुरालाई उहाँले आधार बनाउनु भएको छ । सुखी नागरिक र समृद्ध प्रदेश निर्माण गण्डकी प्रदेश सरकारले पहिल्यै नै प्रतिवद्धता जनाएको विषय हो । त्यही अनुसार नै अगाडि देखिनै त्यसका प्रारम्भिक चरणका कामहरु अगाडि बढाउँदै संरचनागत हिसावले, नीतिगत हिसावले, कानुनी हिसावले, त्यसको पूर्वाधारहरु तयार गर्दै आएको छ । अगामी दिनमा पनि त्यो विषयलाई मध्य नजर राखेर कसरी सुखी नागरिक बनाउन सकिन्छ, कसरी समृद्धि प्रदेश बनाउन सकिन्छ भन्ने विषयमा आगामी बजेट निर्माणमा पनि यसमा ध्यान पुग्नेछ भन्ने मलाई विश्वास छ । संघीयता कार्यान्वयनको सन्दर्भमा यहाँ विषयहरु उठ्यो । पहिला पहिला अढाई वर्ष, पौने तीन वर्षतिर सम्म त प्रदेश सरकारले संघीयताको बारेमा बोलेको थियो, माननीय मुख्यमन्त्रले बोल्नुभएको थियो तर पछि पछि संघकै कुरामा पनि लत्रिएर जान थाल्नुभयो भनेर पनि कतिपय माननीयज्यूले भन्नुभयो । भन्न पाइन्छ, लोकतन्त्रमा बोल्न पाइन्छ तर यथार्थ त्यस्तो होइन । माननीय पृथ्वीसुव्बा गुरुङ संघीयताको निम्ति

लडेर आएको मान्छे हो, देश, विदेशको अनुभव गरेर आएको मान्छे हो । प्रतिनिधि सभामा, संघीयताको बारेमा लामो समय छलफलमा भाग लिएर अग्र मोर्चामा छलफलमा भाग लिएर अगाडि बढेको मान्छे हो र गण्डकी प्रदेशको माननीय मुख्यमन्त्री भइसकेपछि पनि उहाँले प्रदेशलाई स्थापित गर्ने कुरामा कसरी स्थापित गर्न सकिन्छ ? प्रदेशका अधिकारलाई कसरी सुनिश्चित गर्न सकिन्छ ? भनेर उहाँले संघर्ष गरेका, उहाँले कामहरु गरेका कुरा उदाहरणहरु छन् । त्यसकारण आग्रह राखेर बोल्ने कुरा बेग्लै हो तर त्यस्तो कुरा होइन । हिजो पनि, अहिले पनि माननीय मुख्यमन्त्री आफू नेतृत्वमा रहेको गण्डकी प्रदेश सरकार संघीयता कार्यान्वयन गर्ने कुरामा, प्रदेश सरकारलाई स्थापित गर्ने कुरामा, संघ र स्थानीय तहसँग समन्वय गरेर अगाडि बढ्ने कुरामा प्रतिवद्ध छ । अब पनि त्यो कामलाई व्यवस्थित प्रभावकारी बनाउनु पर्छ भन्ने म जोड दिन चाहन्छु । संघ र प्रदेशका योजनाहरु चाहे त्यो राष्ट्रिय योजना आयोगका पन्ध्रौं पञ्च वर्षिय योजनाका कुरा हुन्, वा प्रदेशको नीति तथा प्रथम पञ्चवर्षिय योजना हुन्, तिनीहरुलाई आधार बनाएर पक्कै पनि बजेट त्यसमा आधार भएर आउनेछ । उहाँले त्यसमा प्रतिवद्धता पनि जनाउनु भएको छ । त्यसमा मध्य नजर राखेर, त्यसमा लिएका उद्देश्यहरु अल्पकालीन, मध्यकालीन, वृहतकालीन योजनाहरुलाई ख्याल गरेर, हेक्का राखेर त्यसमा व्यवस्थित हुने छन् भन्ने मलाई लाग्छ । मन्त्रीज्यूले प्रतिवद्धता जनाउनु भएको छ हामी फजुल खर्चलाई कम गर्नेछौं, त्यस्तै गरेर आर्थिक पारदर्शिता गराउने छौं, आन्तरिकस्रोतको खोजी गर्नेछौं, वृद्धि गर्नेछौं, र पूँजीगत खर्चलाई बढाउने छौं भनेर प्रतिवद्धता जाहेर गर्नुभएको छ । तर यसमा अलिकति ध्यान दिनु पर्ने कुरा के छ भने विगतमा आन्तरिक स्रोत बढ्न सकेको छैन, राजश्व धेरै उठ्न सकेको छैन, त्यसमा ध्यान पुर्याउनै पर्छ । कसरी हाम्रो आन्तरिक स्रोत बढ्न सक्छ, कसरी हामी पूँजीगत खर्चलाई व्यवस्थित गर्न सक्छौं, कार्यान्वयन गर्न सक्छौ ? पूँजीगत खर्च जति कार्यान्वयन हुनु पर्‍यो जति प्रतिशतमा कार्यान्वयन हुन पर्‍यो त्यति प्रतिशतमा उल्लेखनीय रुपले कार्यान्वयन अझै हुन

सकेको छैन । पूँजीगत खर्चलाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने जरुरी छ म त्यसमा जोड दिन चाहन्छु । उत्पादनमुखी गरिवी निवारण गर्ने खालको रोजगारी दिने खालका बजेट आउनु पर्छ भन्ने कुरा सही छ ।

माननीय सभामुखज्यू,

अब हामीले यी सिद्धान्तका कुराहरु गरिरहँदा प्राथमिकता केलाई दिने ? भन्ने सन्दर्भमा म जोड दिन चाहन्छु । स्वभाविक रुपले हामी सबैले कुनै दलविशेष कुरा होइन, कुनै व्यक्तिविशेष कुरा होइन, आम नागरिकको चाहना कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचार पहिलो प्राथमिकता हो । कोभिड-१९ नियन्त्रण उपचार, रोकथामको पहिलो प्राथमिकता भइसकेपछि स्वाभाविक रुपले अहिलेको बजेटले त्यसमा प्राथमिकता पाउनु पर्छ । स्वास्थ्य प्रणालीमा सुधार सृदुढीकरणको कुरा हो । प्रदेश सरकारले जिल्ला अस्पतालहरुलाई सुदृढीकरण गर्ने कुरा भनेकै छ, त्यहाँ भ्याण्टिलेटर, आइसियु, अक्सिजन प्लाण्ट राख्ने कुरा गरेकै छ तर त्यसलाई व्यवस्थित, अझै प्रभावकारी, त्यहाँ आवश्यक दक्ष जनशक्ति व्यवस्था गरेर त्यसलाई व्यवस्थित प्रभावकारी बनाउने कुरामा हामीले ध्यान दिनु पर्दछ किनभने जीवन रक्षा गर्ने कुरा हाम्रो दायित्व हो, प्रदेश सरकारको दायित्व हो, जनताको जीवन रक्षा गर्ने कुरामा पहिलो प्राथमिकता दिएर जानु पर्छ । पहिलो कुरा यो हो ।  दोस्रो कुरा अहिले जनताले चाहिरहेको जीवन रक्षा हो, जनताले जीवन रक्षाको निम्ति कुरा खोप खोजिरहेको छ, खोप लगाउन पायो भने बाँचिन्छ कि भन्नेछ । त्यसकारण म प्रदेश सरकारलाई भन्न चाहन्छु प्रदेश सरकारले खोपलाई प्राथमिकता दिएर आफैले त्यो खरिद गर्न पाउने विधान नियम के छ ? संघ सरकारसँग समन्वय गरेर, संघ सरकारले अहिले पहलकदमी गरिराखेको छ संघ सरकारसँग समन्वय गरेर कम्तिमा २४ लाख जनताले खोप पाउने गरी त्यो व्यवस्था मिलाउनु पर्दछ । प्रदेशका जनताको जीवन रक्षा गर्ने जिम्मा प्रदेश सरकारको हो, हामी सबैको हो । त्यसकारणले प्रदेश सरकारले नेपाली जनताको

जीवन रक्षाको निम्ति खोपको व्यवस्थालाई प्राथमिकता दिएर पहलकदमी गर्नु पर्छ भन्ने म जोड दिन चाहान्छु । यस्तै अहिले केही केही ठाउँहरुमा हामी अस्ति कोभिड-१९ सम्बन्धी एउटा अनुगमन समिति बनाएर जिल्ला जिल्लामा पनि गयौँ केही केही ठाउँमा त्यहाँ ठूला गुनासो त थिएन तर सामान्य गुनासोहरु पनि पायौँ । फ्रन्ट लाईनमा रहेर काम गर्नेहरु, सुरक्षाकर्मीहरु, स्वास्थ्यकर्मीहरु, सफाईकर्मीहरु उनीहरुले खटेर जीवन हत्केलामा राखेर काम गरिरहेका छन् । आफ्नो जीवन जोखिममा राखेर पनि जनताको सेवामा काम गरिरहेका छन् यस्ता सबै कुरामा सरकारले पर्याप्त साथ दिनुपर्छ । जीवन हत्केलामा राखेर काम गर्ने त्यस्ता फ्रन्टलाईनहरुको चाहे जोखिम भत्ता होस् वा उनीहरुको जीवन सुरक्षा कुरा होस् यस्ता सबै कुरामा सरकारले पर्याप्त ध्यान दिनु पर्दछ । मैले नेपालगञ्जको कुरा सुने दुःखद् घटना हो, त्यस्ता कुनै पनि घटनाहरु अब कुनै पनि स्वास्थ्य क्षेत्रमा नहोस् भन्ने कुरामा सुरक्षा व्यवस्था पनि गर्ने र जोखिम भत्तामा उनीहरु उत्साहित भएर काम गर्ने व्यवस्था मिलाउनु पर्छ भन्ने कुरामा पनि म जोड दिन चाहन्छु । सरकारले व्यवसायी जीवन रक्षा कोषलाई निरन्तरता दिएको छ । उद्योगी पर्यटन उद्योगीहरु, व्यवसायी उद्योगीहरु, विभिन्न खालका उद्यमीहरुलाई उनीहरुलाई जोगाउने हिसावले तिनीहरुलाई विभिन्न तहका उद्यमीहरुलाई उनीहरुको एउटा जीविकोपार्जन गर्ने अर्थात् त्यसलाई जोगाउने हिसावले व्यवसाय जीवनकोषमा कार्यान्वयन गरेको छ । अहिले पनि त्यसलाई निरन्तरता दिने कुरा गरेको छ, निरन्तरता दिँदै साना उद्यमी व्यवसायहरुलाई पनि व्यवस्थित गर्ने तर्फ लाग्नुपर्छ । विगतका योजनाहरुलाई कार्यान्वयन गर्ने, निरन्तर गर्न त्यसलाई व्यवस्थित सुदृढीकरण गर्ने भनिएको छ, त्यसलाई कार्यान्वयन गर्दै वैकल्पिक शिक्षा शहरमा मात्र होइन दूरदराजमा पनि गाउँमा पनि बगली शिक्षा कार्यान्वयन गर्ने ढंगले हामीले ध्यान दिनुपर्छ भन्ने कुरा हामीले राखेका छौँ । त्यस्तै विपद् व्यवस्थापनमा पनि अहिले ठाउँठाउँमा बाढी पहिरो जान थालेको छ । विपद् व्यवस्थापन पर्याप्त रकम राखेर छिटो सन्दर्भको माध्यमबाट फास्ट ट्र्याकको

माध्यमबाट विपद् व्यवस्थापनबाट जनतालाई जोगाउनको निमित, सुरक्षित बनाउनको निम्ति काम गर्न पर्छ भन्ने कुरामा जोड दिनु पर्छ भन्न चाहन्छु । अन्तमा सबै माननीयहरुलाई रीसराग आवेगबाट होइन, पूर्वाग्रहबाट होइन, उत्तेजनाबाट होइन, हिजोजस्तै हामी सहमति सहकार्यबाट अगाडि बढिरहेका छौँ । फेरी पनि हामी निधार खुम्च्याएर सोचौँ, गण्डकी प्रदेशलाई समृद्ध बनाउने हो भने र गण्डकी प्रदेशका जनतालाई सुखी बनाउने हो भने हामी सबै मिलेर सहमतिका साथ अघि बढ्नु पर्छ, त्यसको अर्को कुनै कुनै विकल्प छैन भन्न म चाहन्छु, अनुरोध गर्न चाहन्छु भन्दै मेरो कुरा अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री प्रकाश चन्द्र दवाडीलाई छलफलमा भाग लिन अनुमति दिन्छु ।

**माननीय प्रकाश चन्द्र दवाडी**

सभामुख महोदय,

आज विश्वमा महामारी अवस्थामा कोभिड-१९ बाट मृत्यु हुने सम्पूर्ण प्रति हार्दिक श्रद्धञ्जली व्यक्त गर्दै कोभिडबाट छट्पटिएर उपचारार्थ सम्पूर्णलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

आज मलाई यहाँ बोल्नै पर्दा के बोल्ने भन्ने वाक्यांश नै आएको छैन । किनभने सरकार अल्पमतमा भएको सरकारले मिटिङ बोलाएको त बोलाउनु भएको छ, सदन चलेको छ तर कसरी सदन चलेको छ ? सरकारले कसरी अगाडि बढेको छ भन्ने वाक्यांशै छैन ।

सभामुख महोदय,

मलाई लागेको आज किन सरकारले पहिले आफू पक्का नभईकन सरकार किन विश्वासको मत नलिईकन अगाडि बढेको हो ? त्यसमा सरकारलाई अहिलेसम्म भएको सरकारलाई प्रष्ट गर्न चाहन्छु सभामुख मार्फत् । मैले आज सभाको मर्यादा पालना गर्दै हाम्रो रहेको एउटा पीडा मेटाउन नसकेको सरकार यहाँ गण्डकी प्रदेश रोइरहेको अवस्थामा गण्डकी प्रदेशमा दूरदराजमा रहेका जनताहरुले पीडादायीक क्षणमा सिटाममोल नपाएको अवस्थामा अझै हामी सरकार छौँ, सरकार यहाँ छौ, हामी बजेट पनि प्रस्तुत गर्छौं भनेर जानु यसलाई अलिकति सान्दर्भिक भएन जस्तो लाग्छ सभामुख महोदय । त्यसैले आज हाम्रो गण्डकी प्रदेश कुन हालतमा बसेको छ ? गण्डकी प्रदेशको अवस्था के छ ? जनताहरु सिटामोल सँगसँगै कोरोनाको महामारी लाकडाउनको कारणले गाँसवासबाट बञ्चित हुनु परेको छ । यो अवस्थामा सरकार त छैन भन्ने सबैलाई अनुभूति भएको छ सभामुख महोदय । तरै पनि आज फेरी सदनमा हामी दोहोरी तेहरी हामी डिस्कस गर्दैछौँ । यो औचित्यहीन जस्तो लाग्छ सभामुख महोदय । जनता, पहिलो जनता बचाउने काम गर्नुपर्छ सभामुख महोदय । त्यो नभएको र सरकारले गरेका गतिविधिमा र सरकारले गरेको अहिलेसम्मको अब त सरकारै छैन विश्वासको मत नलिईकन त सरकारै भन्ने चलन हुँदैन, तरै पनि अहिलेसम्मको गतिविधिमा जनता खुशी छैनन्, जनतालाई पीडा छ, त्यो पीडालाई मेटाउने अब हामी सबै एउटा प्रतिपक्षमा रहे पनि, जहाँ रहे पनि हामी सपोर्ट गर्न तयार छौँ । अब विश्वासको मत नलिईकन सरकारको चलाउको औचित्य हुँदैन भन्दै मेरो आफ्नो भनाई राख्दै अन्त गर्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री रामजी प्रसाद वराल 'जीवन' लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय रामजी प्रसाद वराल 'जीवन'**

माननीय सभामुख महोदय, हामी बजेट अधिवेशनको प्रकृयामा अगाडि बढेका छौँ । यस सन्दर्भमा कोभिडका कारण ज्यान गुमाउनु हुने ती सबै मित्रहरुप्रति हृदयदेखि नै हार्दिक श्रद्धाञ्जली भन्न चाहन्छु र उहाँहरुका परिवारजनहरु जो शोकसन्तप्त आफन्तजनहरु हुनुहुन्छ, हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । उपचार गराइराख्नुभएका सबै कोभिडबाट प्रभावित व्यक्तित्वजनहरुको शिघ्र स्वाथ्य लाभको कामना भन्न चाहन्छु ।

अस्वाभाविक रुपमा हामी यो अधिवेशनको प्रकृयामा अगाडि बढ्दै गर्दाखेरी अब हामीले के बुझेका छौँ भने, कुनै पनि राज्य प्रणालीसित अर्थनीतिले मेल खाएन अर्थ प्रणालीले भने राज्य प्रणाली दिगो बन्न सक्दैन । अब जस्तो प्रकारको राज्यसत्ता छ, जस्तो प्रकारको राज्य प्रणाली छ, त्यस्तै प्रकारको अर्थ प्रणाली जरुरी हुन्छ हामीले अभ्यास गरेको स्थिति हेर्दै गर्दाखेरी साँचो अर्थमा राज्य प्रणाली अनुरुपको अर्थप्रणाली बन्न सकेको छैन, जसका कारणले हामी समाजवाद उन्मुखसँगै लोकतन्त्र गणतन्त्रको कुरा गरेका छौँ, सुखी नेपाली समृद्ध नेपाल भनेका छौँ । सामाजिक न्यायको कुरा गरिरहेका छौँ । के साँच्चै हाम्रो अर्थनीति त्यो राज्य प्रणालीलाई पचाउने खालको समृद्ध बनाउन खालको बनाउन सक्यौं त, सकेनौं खाली एक सोचबाट अभ्यासबाट हाम्रा अर्थनीतिहरु बन्ने गरेका छन् जसका कारण अपेक्षा एकातिर छ जनताको, तपाईं हामीहरुको बिचमा तर व्यवहार ठिक विपरित भइराखेको छ, जसका कारणले अपेक्षा र अभ्यासका बिचमा तालमेल मिलाउन सकिएन भने स्वाभाविक रुपमा हाम्रा सपनाहरु, उद्देश्यहरु, हाम्रा लक्षहरु सपनामै सपना मै सीमित रहन्छन् । यसर्थ यो तीन वर्षको अन्तरालमा अभ्यास गर्दागर्दैखेरी राज्य प्रणाली अनुरुप हाम्रो अर्थतन्त्र नीति हुन सकेन एकात्मक सोचले असाध्यै गाँज्यो । हिजोको अभ्यास जे थियो त्यही अभ्यासलाई हामीले निरन्तरता दिएका छौं, अब यो प्रष्टै देखिएको छ ।

मुलुक यतिबेला ध्रुविकरणको प्रकृयामा देखिन्छ । एउटा ध्रुव यो प्रणालीलाई बचाउनका निम्ति, लोकतन्त्रलाई बचाउनका निम्ति, संविधानलाई बचाउनका निम्ति, समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रलाई बचाउनका निम्ति एउटा ध्रुव खडा हुन खोजे जस्तो हामी देखिराखेका छौ भने अर्को ध्रुव यो प्रणालीलाई खारेज गर्ने दिशातर्फ, संविधानलाई पटक पटक घाइते बनाउने, मुर्छित बनाउने, संविधानका पानाहरु च्यात्ने त्यति मात्रै नभईकन म नभई पृथ्वी नै घुम्दैन भन्ने प्रवृत्ति अनुरुप नयाँ सामन्तको नाईके बन्ने, संवैधानिक अंगलाई कब्जा गर्ने, सेटिङमा सत्ता संचालन गर्ने, यस्ता कुकर्महरु गर्दै अगाडि बढेको एउटा ध्रुव छ ।. स्वाभाविक रुपमा यो ध्रुव २ ध्रुव बन्ने राम्रो कुरा होइन । यी २ ध्रुव बन्ने खालको स्थितिको सिर्जना कहाँबाट भयो, यसको रिजन के हो ? यसको कारण के हो ? तपाईं हामीले प्रष्ट बुझेका छौँ । त्यसो भएको हिसावले यसरी मुलुक फेरी पनि २ वटा ध्रुवमा ध्रुवीकृत हुन खोजेको छ, यो स्वभाविका रुपमा बन्ने कुरा नमिठो हुँदाहुँदै, नराम्रो हुँदा हुँदै पनि राज्यका शासकहरु, राज्य संचालन गर्नेहरु वास्तवमा देश र जनता प्रति जवाफदेही नहुँदाखेरी निम्तिएको यो विषय हो, हामी सबैले बुझेकै छौँ । यो तीन वर्षको अवधिमा ८ खर्ब भन्दा बेसी ऋण भार यदि मैले बुझेको कुरा सत्य छ भने, ऋण भार थोपर्ने अनि सुखी नेपाली समृद्ध नेपालको गीत गाउने कस्तो विडम्वना ? अहिले नेपाली जनताले १५ खरव भन्दा बेसी ऋण बोकिराखेका छन् । ३ वर्षमा मात्र ८ खरव वृद्धि भएछ । यो कस्तो गजबको अभ्यास छ ? समृद्ध नेपालको गीत गाउने, चरम फाँसीजमको अभ्यास गर्ने, लोकतन्त्रको वकालत गर्ने, एउटा नागरिकको थाप्लोमा ५० हजार भन्दा बढी ऋण भार थोपर्ने, यो कस्तो प्रकारको लोकतन्त्र ? त्यति मात्र होइन अहिले हामीले देखेका छौँ, सुनेका छौँ, संघले जो बजेट ल्याइराखेको छ, वितरणमुखी बजेट छ । यो वितरणमुखी बजेट कुनै पनि हिसावले कार्यान्वयन हुने स्थिति छैन । चुनावको घोषणा छ, चुनाव हुने किमार्थ स्थिति हामीले देखेका छैनौँ, सँगसँगै जेष्ठ नागरिकहरुले के भनिरहेका छन् भने आफ्ना छोराछोरीहरु, नातिनातिनाहरुको थाप्लोमा राज्यको ऋण

थाम्नै नसकिने गरी थोपरेर वृद्धभत्ता बढाउन भनेर जेष्ठ नागरिकले भनेका होइन, हाम्रा हजुरबा हजुरआमाहरुले राज्यको व्यवभार बढाऔं, हाम्रो नातिनातिनीहरुको टाउकोमा ऋण थोपर अनि हाम्रो वृद्धभत्ता बढाइदेउ भनेका छैनन् । तर यहाँ त्यस्तो पनि गरिएको छ । विद्यार्थीहरुले ऋणमा कम्प्यूटर मागेको होइन स्वभाविक रुपमा सीपमूलक शिक्षा, सीप अनुसारको काम मागेका छन् विद्यार्थीहरुले । रोजगार प्राप्त भएदेखि एक दुई महिनाको तलवले सीमकार्ड र कम्प्यूटर सजिलै किन्न सक्ने एउटा स्थिति बन्छ । असहाय अपांगहरुले पनि देशलाई चुर्लुम्मै डुबाउ अनि त्यसपछि हाम्रो असहाय भत्ता बढाउ भनेका छैनन् तर यहाँ सबैलाई दिएजस्तो गरेर देशलाई चुर्लुम्म ऋण भारमा डुबाउने हिसावले जे कुराहरु आइरहेको छ यो स्वाभाविक रुपमा यो राज्य प्रणली अनुरुप मेल खाने देखिदैन ।  यसको जिम्मा स्वभाविक रुपमा वर्तमान सरकारले लिने कुरा निश्चितै छ । शिक्षा र स्वास्थ्यलाई निःशुल्क बनाउ भनेर हामीले धेरै कुराहरु गर्‍यो तर त्यो दिसातिर ध्यान जान सकेको छैन । साँच्चै शिक्षा र स्वास्थ्यलाई निःशुल्क बनाउन सकियो भने धेरै हिसावले चाहे अपाङ हुन् चाहे ती असहाय हुन् ती लगायतका धेरै नागरिकलाई सुविधा प्राप्त हुने कुरा पनि विदितै छ । यसर्थ यो केन्द्रको गैरजिम्मेवारको लाचार छायाँ यो गण्डकी प्रदेश सरकार बनेकै छ । चालु आर्थिक वर्षका प्राथमिकता र सिद्धान्त अनुसार काम कति भयो ? कति हुन सकेन समीक्षा गरेर अगाडि बढ्नु पर्ने कुरा हुन सक्थ्यो, किन हुन सकेनन्, सायद समीक्षा गर्ने संस्कार छैन, समीक्षा भनेको जग हो । हामी अगाडि बढ्दै गर्दाखेरी कस्तो जगमा उभिएका छौं हामी भन्ने कुराको हेक्का राख्न सकिएन भने खासै अर्थ रहँदैन । त्यसमा गम्भीर समीक्षा गरेर अगाडि बढ्न पर्ने प्रचलनको विकास हुन सकेको छैन र ठिक केन्द्रको लाचार छायाँजस्तै गण्डकी प्रदेशको सरकार पनि बनिराखेको कुरा विदितै छ । यसका कारणहरु पत्ता लगाउन जरुरी हुन्छ । त्यसो नगरीकन अगाडि बढ्दाखेरी स्वाभाविक रुपमा धेरै कुराहरु अन्योलतामा पर्ने कुरा निश्चितै छ । म उदाहरणको रुपमा मात्रै राख्न चाहन्छु, पेट्रालियम पदार्थको प्रयोगलाई कति प्रतिष्ठापन

गरियो सरकार ? एकीकृत वस्ती कति बनाइयो ? आधुनिक शहर र उप-शहर कति बने ? प्रदेश गौरवको योजना पोखरा, चक्रपथ द्रुत मार्ग लगायतका अवस्था के छ ? आधारभूत सेवा उद्योगहरु कति खोलिए ?. खनिज पदार्थको अन्वेषण र उत्खनन् कति भए ? क्रिकेट मैदानको अवस्था कस्तो छ ? करको भार कति फराकिलो भयो ? व्यापारीक अनुशासन काम कति हुन सक्यो आदि यस्ता खालका विषयहरु थुप्रै छन् । मैले यी मिठा गुलिया कुराहरुले मात्र किताव भरेर मात्रै जनताको आँखामा छारो हालेर कुनै अर्थ छैन भन्ने कुरा फेरी पनि यहाँ राख्न चाहन्छु र म अन्तिममा यहाँ सुझाव के दिउँ, यो सरकार आफै वैधानिक छैन । विश्वासको मत लिएर मात्रै प्रकृया अगाडि बढाउनु पर्ने हुन्थ्यो, विश्वासको मत लिने प्रक्रियामा किन गएन सरकार ? यो गैर जिम्मेवार अवैधानिक सरकारलाई सुझाव दिनु व्यर्थ हुन्छ । यो अवैधानिक सरकारलाई सुझाव दिनु वेकार हुन्छ । किनभने यो सरकारले निरन्तरता पाउने कुनै संभावना देखिदैन । यसर्थ, यो अवैधानिक सरकारलाई सुझाव दिनु उपयुक्त नठानेको हुँदा मेरो कुनै पनि सुझाव यो सरकारलाई नदिइकन मेरो कुरा यही टुंग्याउछु, धन्यवाद ।

**माननीय सभामुख**

अब म कृष्ण थापालाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय कृष्ण थापा**

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७८ सिद्धान्त र प्राथमिकता सन्दर्भमा माननीय अर्थमन्त्री किरण गुरुङज्यूबाट प्रस्तुत विधेयक सन्दर्भमा मैले आफ्नो भनाई राख्न गइरहेको छु ।

संविधानका धेरै अन्तरवस्तुहरुमा हामीले निर्माणको क्रममा मतभेदहरु राख्यौं असहमति राख्यौ । तैपनि संविधानका कैयौं प्रकृयाहरु अघि बढिरहेकै छन् र ती मध्ये हामीले सबैभन्दा बढी संघीयता धेरै खर्चिलो छ, धेरै महंगो छ र यसले राष्ट्रको समृद्धि

गर्नलाई धेरै वाधक बन्छ भनेर उठाएका थियौं । त्यसकारण हामीले त्यो विषयवस्तुलाई सबभन्दा बढी आलोचना गर्‍यौं र अहिले पनि त्यो कुराहरु उठाउँछौं । यसै सन्दर्भमा म यस संविधानलाई थयांक्यू भन्न गइरहेको छु अहिले । माननीय सदस्यहरुको मतदान गर्ने अधिकार र हस्ताक्षर गर्ने अधिकार के गर्‍या रहेछ ? सुरक्षा गर्‍या रहेछ त्यसैले म यस संविधानलाई थ्यांक्यु भन्न चाहन्छु । यसको नैसर्गिक अधिकारलाई व्यवस्थित गरेको रहेछ । अर्कोतिर अहिले देशमा करिव  संसद विघटन संघीय संसद विघटन भएको छ । धेरै माननीयहरु अदालतमा जानु भएको छ, १४६ जना ४९ कति भन्नुहुन्थ्यो, ४६ जना भन्नु हुन्छ । ठिकै छ नि त आफ्नो आर्थिक अधिकारको लागि अदालत जानु स्वाभाविक छ, त्यसलाई अन्यथा मान्न सकिदैन । तर गण्डकी प्रदेशमा फेरी आफू सत्ता, आफ्ना लागि, अर्को पक्षलाई हराउनका लागि, फेरि निर्दलियतामा हुन्छ कि, कृष्ण थापालाई हटाएर फेरी हामी सरकारमा पुग्छौं भनेर बाहिर मिडियामा गर्नुभएको छ यो निर्दलियता हो, अर्काको अस्तित्व स्वीकार्न नसक्ने चरित्र हो, जनताबाट निर्वाचित सांसदलाई सोझ्याएर नसक्ने चरित्र हो, यसकारण मैले आफूलाई भने अदालत जान पर्ने अर्कालाई भने फोन गर्ने ? यो वास्तवमा कुन प्रकार को सोचाई हो ? मलाई लाग्छ इतिहासले यसपट्टि मूल्याङ्कन गर्नेछ । म विशेष गरेर विषयवस्तु तिर केन्द्रित गर्न चाहन्छु ।

यो अर्थ र सिद्धान्तमा प्राथमिकता गर्ने सन्दर्भमा छलफल भईरहँदा मलाई अलि उतातिरका माननीयज्यूहरुले हेरेको देख्छु के, उहाँहरु यता आइदिएको भए मलाई लाग्छ कम्तिमा पनि ७०-८० अरवको बजेट आउथ्यो होला, त्यसकारण प्राथमिकता र  सिद्धान्त अलि ठूला हुन्थ्यो होला संयोग त्यस्तो मिलेन । म त्यही भन्न चाहन्छु र म के कुरा बताउन चाहन्छु भने यो प्राथमिकता सिद्धान्तमा जति विषयवस्तुहरु उठाइएका छन्: सडक, खानेपानी, सिँचाई, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका कतिपय विषयवस्तुहरु छन् यी हाम्रा आधारभूत आवश्यकताहरु हुन् । हामीले अहिले सम्म पनि सडकको कारणले, सिँचाई कारणले, खानेपानीका कारणले, स्वास्थ्यका कारणले हामी

अहिले पनि पर्यटनलाई व्यवस्था गर्न नसक्नुका कारणले अहिले पनि हाम्रो समृद्धिहरु दूरदराजमा गइरहेको छ र यो दूरदराज जानका लागि हामीले वास्तवमा यसलाई धेरै व्यवस्थित बनाउनु पर्ने आवश्यकता छ। मैले विगतमा पनि र धेरै धेरैचोटी के भनेको छु भने, योजनाहरु छनोट गर्दा क्षेत्र, जाति र भूगोललाई यी तीनवटा चिजहरुलाई प्राथमिकताका साथ ध्यान दिनुपर्छ। कुन ठाउँ, कुन क्षेत्र, कुन जातिहरु धेरै पिछडिएको अवस्थामा छन् र समृद्धिबाट उनीहरु वञ्चित छन् त्यो कुरा ख्याल गरेर जानु पर्ने आवश्यकता छ । मैले तीन वर्ष विताउदा पहिलो वर्ष के भनेको थिएँ भने मेरो निर्वाचन क्षेत्र ६ लेनको, म कृष्ण थापाको वस्तीमा १ मिटर पनि सडक छैन भनेर भनेको थिएँ। मलाई लाग्छ यो ३ वर्षमा मेरो निर्वाचन क्षेत्रमा १५ किलोमिटर बाटो भने पिच भएको छ है, यो गण्डकी प्रदेशको एउटा उपलव्धि हो । यसमा हामीले गरेका धेरै कोसिस र मेहेनत हुन् । त्यो निर्वाचन क्षेत्रलाई के गर्न आउने गरिएछ, संमृद्धि बनाउने ढोका खुलेको छ। त्यसको साथसाथै मलाई के लाग्छ भने अर्को मेरो निर्वाचन क्षेत्रमा सडक छ १० किलो मिटरको बाटो, अर्को अहिले एउटा टेण्डरमा गएको छ १० किलो मिटरको बाटो, त्यसले पालिका स्तरलाई जोड्ने छ । मलाई लाग्छ यो प्राथमिकता र सिद्धान्तलाई के गर्न आवश्यकता छ त भने त्यस्ता योजनाहरु पूरा होस् । त्यो योजनाहरु सम्पन्न गर्ने कार्य कानुनले व्यवस्थापन गरोस्, त्यो सिद्धान्तबाट हामी कुनै पनि हामी पछि हट्नु हुँदैन । ती योजनाहरुलाई पूरा गर्ने योजनाहरु हुन आवश्यक छ। मलाइ लाग्छ, हामीले ती विषयहरुमा पनि ध्यान दिउँ र अहिले पनि हाम्रा कैयौं समस्याहरु छन्। खानेपानीको समस्या, सिँचाईको समस्या, शिक्षाको समस्या छन्, विद्युतका समस्याहरु छन् त्यसपट्टि ध्यान दियोस्। अर्को तिर म के भन्न चाहन्छु भने अहिलेको समस्या भनेको कोभिडको समस्या हो । यो कोभिडलाई विशेष प्रकारले संवोधन गर्नु पर्छ, अहिले कतिपय नीजि अस्पतालहरु वास्तवमा पैसा आर्जन गर्न विरामीहरुलाई सुताएर यसमा धेरै चलखेल भईरहेको छ। शिक्षा जस्तो, स्वास्थ्य जस्तो कुरालाई नीजिकरण गर्नु हुँदैन, यो सरकारीकरण

गर्नु पर्छ त्यहाँबाट सयौं प्रकारबाट नागरिकहरुले सेवा सुविधा पाउने व्यवस्था हुनु पर्छ त्यो त्यसले गर्दा त्यो बजेटलाई त्यतातिर केन्द्रित गरोस् र अर्को मैले देखेको कुरा के हो भने गण्डकी प्रदेशलाई समृद्धि बनाउनका लागि आफ्ना योजनाहरु, आयमूलकका योजनाहरु भएका छैनन् त्यसकारण ती योजनाहरुमा पनि विशेष ध्यान केन्द्रित गरोस् र भ्रष्टाचार सुशासन जस्ता कुराहरु हाम्रा पनि समस्या छन् त्यसलाई निराकरण गर्नका लागि माष्टर योजना बनाएर सरकारले आफ्ना कार्यक्रमहरु प्रस्तुत गरोस । यही कुरा राख्दै आफ्ना भनाइ टुङ्याउछु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन म समय दिन्छु ।

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुखज्यू, आज हामी यो सम्मानित सभामा हामी निकै महत्वपूर्ण मानिएको विषय विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको बारेमा छलफल गर्न गइरहेका छौ । र यो विधेयक हाम्रो यो सदनको लागि विशेष गरेर अबको आर्थिक वजेटको लागि, हाम्रा योजनाको लागि एकदम महत्वपूर्ण मानिएका छौं ।

तर आज हामी यो सम्मानित सभामा बसिरहँदा देश मात्र होइन आज संसारैभरि कोभिड-१९ को प्रभावले धेरै धनजनको क्षति भएको छ, धेरै नागरिकहरुले आफ्नो अमूल्य जीवन गुमाउनु परेको छ र नेपालका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदीबहिनी जुन नागरिकहरुले एउटा असामयिक निधनको दुःखद खबर दिनका दिन सुन्नुपरेको छ त्यो सम्पूर्ण मृत नागरिकहरु प्रति म सर्वप्रथम भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जसले वास्तवमा आफ्नो जीवन मरणको लडाईं अस्पतालको वार्डमा लडिरहनु भएको छ, उहाँहरु सबैको शीघ्र सुस्वास्थ्यको कामना गर्न चाहन्छु । आज

बिहानको मात्रै खवर सुनियो भने पनि पोखराकै लागि एउटा दुःखद खबर नेपाल सरकारका उच्च पदस्थ पूर्व कर्मचारी र पूर्व अर्थमन्त्री भरतमोहन अधिकारी, अर्थ मन्त्री रहँदाका, अर्थ मन्त्रीका, अर्थ सल्लाहकार, अर्थविद् डा. गोविन्द थापा त्यसैगरी पोखराका अत्यन्त चर्चित साहित्यिक, सामाजिक व्यक्तित्व हिमाली सांस्कृतिक परिवारका अध्यक्ष मिनकाजी गुरुङको दुखद निधन भएको छ, उहाँहरुप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यस्ता धेरै दुःखद् खबरहरु हामीले दिनहुँ सुनिरहेका छौं । तर त्यो भन्दा पनि दुःखदको खवर आज हामी यो सम्मानित सभामा हामी सबै मिलेर, हामी सबैको दायित्व, हामी सबै मिलेर छिटो भन्दा छिटो यो आफ्नो यो गण्डकी प्रदेशका नागरिकहरुलाई सिंगो देशका नागरिकहरुलाई कसरी यो कोभिड-१९ बाट बचाउने ? ठिक छ यो बचिसकेपछि, हामी नर्मल अवस्थामा गइसकेपछि र देश एउटा नर्मल अबस्थामा पुगिसके पछि ठिक छ सत्ताको लडाईं पनि लडौंला, चुनावको लडाईं पनि लडौंला, वादविवाद पनि गरौंला आफ्ना धेरै कुराहरु गरौंला, तर जब नागरिक नै रहेनन् भने, हामी नै रहेनौं भने वास्तवमा राष्ट्रकवि माधव घिमिरेले भने जस्तै एक खालको देश नै रहने, हामी नै रहेनौं भने कसरी देश रहन सक्छ भन्ने भावको जुन गीत कविता छ यहाँ स्मरण गर्न चाहें । त्यति असंवेदनशील, त्यति अमानवीय यो संसद, यसका सम्माननीय सभासद्हरु हुनु हुँदैन भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, अहिले हामीले यहाँ धेरै विडम्वनाको कुराहरु पनि सुनिरहेका छौं । यो चाहिँ असंवैधानिक भयो, एक खालको सदन सरकार अल्पमतमा छ आदि इत्यादि । हिजो बिहान मात्र हामी ११ बजे कार्य व्यवस्थाको वैठक बस्यौं, त्यो वैठकमा सर्वदलीय, सबै साथीहरु त्यो वैठकको निर्णयले यो सदन चलाएका होइन र ? अब अल्पमत छ या वहुमत छ त्यो दिन आउँदै छ । हाम्रो आदरणीय मुख्यमन्त्रीज्यूले आफ्नो विश्वासको मत लिने समय बाँकी छ, समय तोक्दै हुनुहुन्छ, त्यस पछाडि पनि यहाँहरुले कुरा उठाउने विषय रह्यो भयो भने उठाउनु सक्नुहुन्छ, नत्र भने यो

सम्मानित सभा हाम्रो सहमतिले, नेपालको संविधानले व्यवस्था गरे अनुसार, हाम्रो प्रदेश सभाको नियमावलीले व्यवस्था गरे अनुसार हामी सम्मानपूर्वक चलिरहेको हामी सबैलाई हेक्का हुन जरुरी छ जस्तो मलाई लाग्छ ।

सभामुख महोदय,

हाम्रो अर्थमन्त्रीज्यूले यो भन्दा अगाडि नै एउटा भर्चुवल मिटिङ मलाई लाग्छ ११ गते हो कि जस्तो लाग्छ, गर्नुभएको थियो । त्यहाँ धेरै सभासद्हरुले त्यो भर्चुल मिटिङमा हामीले भाग लिएका थियौं, र त्यहाँ हामीहरुले आफ्ना सुझावहरु राखेको थियौँ । मलाई लाग्छ यो विनियोजन विधेयकको जुन सिद्धान्त र प्राथमिकता छ त्यसमाा हामीले राखेका धेरै सुझावहरुलाई उहाँले ग्रहण गरेर यहाँ ल्याउनुभएको छ, त्यसको लागि म गण्डकी प्रदेश सरकार र हाम्रो आर्थिक तथा योजना मामिलाका मन्त्रीज्यूलाई र उहाँ र उहाँको टिमलाई म धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु । यसको सिद्धान्त र प्राथमिकतालाई हेर्दा यो एकदमै जनउत्तरदायी छ, जनताप्रति जवाफदेही छ र त्यति मात्र होइन गण्डकी प्रदेशका समग्र जनताको हितमा यो वास्तवमा केन्द्रित छ । जस्तै उदाहरणको लागि सिद्धान्तको बुँदा नं. ११ र प्राथमिकताको कुरा गर्ने हो भने बुँदा नं. १३ र १४ एकदमै महत्वपूर्ण छन् भन्ने मलाई लाग्छ । यो सिद्धान्त र प्राथमिकताले हामीले यो भन्दा अगाडि जुन संकल्प प्रस्ताव यहाँ पारित गर्‍यौं, त्यसलाई कार्यान्वयन गर्नको लागि यहाँ केन्द्रित भएको देखिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा त अहिले गण्डकी प्रदेशका सबै जनताहरुलाई छिटो भन्दा छिटो खोप ल्याएर यो महामारीबाट बचाउनको लागि यसको अर्जुन दृश्य, यसको सिद्धान्त र प्राथमिकता त्यहाँ परेको हामीले देखेका छौँ । त्यसको साथसाथै स्वास्थ्य र शिक्षामा यो केन्द्रित छ । गएका हाम्रा विगतका भौतिक निर्माणका योजनाहरु जो एक खालको अझै पनि पूरा भएका छैनन् त्यसलाई पूरा गर्नको लागि यो केन्द्रित छ । अझै त्यतिमात्रै होइन अस्तिको भर्चुयल मिटिङमा स्वयं हामीले भाग लिँदा हामीले त्यहाँ सुझाव पनि दिएका थियौं, अबको कार्यक्रममा

हामी अलिकति यो LGPP यो LGPP भनेको के हो भने लोकल गभर्मेन्ट पार्टनरसीप प्रोग्राम त्यसमा केन्द्रित भएर हामी जाने हो कि, आगामी दिनमा अझै बढी त्यसमा केन्द्रित गर्ने हो कि ? सरसर्ती यो सिद्धान्त र प्राथमिकतालाई हेर्दा त्यसमा केन्द्रित भएको देखिन्छ। त्यसको साथसाथै हामी सबैको माननीय सभासद्ज्यूहरु, हामीले यति छिटो भुल्नु हुन्छ र ? ६ महिना अगाडि, १ वर्ष अगाडि हामी सबैको साझा संकल्प थिएन र सुखी जनता बनाउने समृद्ध नेपाल बनाउने, गण्डकी प्रदेशको विकास अग्रगतिलाई अगाडि बढाउने, हरेक जनतालाई शिक्षा र स्वास्थ्य एक खालको प्राथमिकतामा राख्ने, एक घर एक धाराको नीति, होमस्टे, लगायतका धेरै पर्यटन, शिक्षा, स्वास्थ्य र भौतिक निर्माणमा हामी सबै लाग्यौं त्यसमा त हामी सहमत थियौं। त्यसैले हामी यति छिटो हाम्रा ती प्रतिवद्धताहरु ती विश्वासहरुलाई भुल्नु हुँदैन भन्ने मलाई लाग्छ। हामी यो गण्डकी प्रदेशका हामी संस्थापक सम्माननीय सभासद्हरु हौं। आज हामीले खेलेको भूमिका, आज हामीले राखेका विषयहरु भोली हाम्रो लागि गलपासो नहुन् भन्नको लागि पनि हामी सचेत हुनुपर्छ। तसर्थ, यो विधेयक २०७८ र वास्तवमा सिद्धान्त र प्राथमिकतामा मेरो र हाम्रो पार्टीको समर्थन रहेको व्यक्त रहेको छ भन्दै विदा हुन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

अब माननीय सदस्य **श्री विन्दु कुमार थापा**लाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय विन्दु कुमार थापा**

सभामुख महोदय, आज हामी यो विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को पहिलो र दोस्रो भेरियन्टबाट आक्रान्त भएका छौं। यस कोभिड-१९ बाट नेपालमा ७ हजार तीनसय भन्दा बढी हाम्रा जनताहरुको निधन भइसकेको छ। दाजुभाइ, दिदीबहिनीहरुको निधन भइसकेको छ। म सम्पूर्ण मृतकप्रति हार्दिक श्रचाञ्जली व्यक्त गर्न चाहन्छु र धेरै हजारौं नागरिकहरु स्वास्थ्य उपचारको सिलसिलामा हस्पिटलहरुमा

अबस्थित हुनुहुन्छ। उहाँहरुको पनि म शिघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु ।

हिजो माननीय अर्थमन्त्री किरण गुरुङज्यूले विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताका विषयमा उहाँले एउटा प्रस्ताव प्रस्तुत गर्नुभएको छ । मैले के अनुभव गरें भने विगत ३ वर्ष अगाडिबाट हामी सँगसगै छौं । सहकार्य गरेर हामी अगाडि बढिरहेका छौँ । अघिल्लो पटक चाहिँ यो सिद्धान्त र प्राथमिकतामा त्यो बेलामा आर्थिक मामिला तथा योजना मन्त्रीको रुपबाट उहाँले प्रस्तुत गर्नु भएको थियो । पहिलो पटक प्रस्तुत गर्दा जो जोश, जाँगर र उत्साह थियो तर मैले हिजोको यो प्रस्तुत गर्दाकोमा मैले पाइन । हुन त उहाँलाई यो आर्थिक मामिला मन्त्रीबाट अर्थ मन्त्री र धेरै मन्त्रालयको जिम्मेवार उहाँले प्राप्त गर्नुभएको छ त्यसको बोझले पनि हुन सक्छ । मलाई अर्को के पनि लाग्छ भने यो अघिल्लो वर्ष २०७७ को बजेटमा सिद्धान्त र प्राथमिकतामा ती राखेका प्रस्तावहरु सबै पार्टीका साथीहरुको सल्लाह र सुझाव अनुसार आएको थियो, त्यो कत्ति पूरा गर्न सकें अथवा कति पूरा गर्न सकिनँ भन्ने कुराको चिन्ताले पिरोल्लिएर पनि हुन सक्छ, उहाँ अलिकति दवावमा, प्रेसरमा यो प्रस्तुत गरेको हुनुपर्छ भन्ने मलाई लाग्छ । यसको लागि मैले यो ०७७ सालको सिद्धान्त र प्राथमिकताको पुस्तक पनि ल्याएको छु । म यसको अलिकति पछाडि फर्केर समीक्षा पनि गर्न चाहन्छु । यो ०७७ को १७ नं. बुँदामा क्वारेन्टाईनहरुको गुणस्तर र क्षमता अभिवृद्धि तथा व्यवस्थापन, संक्रमितहरुको प्रभावकारी उपचारको लागि विशेष अस्पताल स्थापना, त्यस्तैगरी व्यवस्थापन र संचालन जिल्ला अस्पतालहरुमा शैया थप गरी सघन उपचार कक्ष स्थापना र पर्याप्त PCR परीक्षणको व्यवस्था गर्नको लागि आवश्यक बजेटको विनियोजन भनिएको छ । त्यस्तै गरेर १९ नं. बुँदामा कोराना महामारीको कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवाहरुलाई रोजगारी प्रदान गर्न र सो महामारीबाट प्रभावित भएका पर्यटन क्षेत्र, यातायात सेवा, कृषि, लघु, घरेलु तथा साना तथा ठूला उद्योग व्यवसायीहरुको वर्गीकरण गरी जीवन्तता

प्रदान गर्न विभिन्न क्षेत्रका विशेष कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ भनेर भनिएको छ । त्यस्तै गरेर बुँदा नं. २२ मा वृहत पोखरा चक्रपथ, प्रदेश वसपार्क र मेट्रो वसपार्कको सम्भाव्यता अध्ययन तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ भनिएको थियो । त्यसैगरी २८ नं. को बुँदामा संक्रामक तथा सरुवा रोगको महामारी विरुद्ध लड्न अत्याधुनिक प्रविधिसहितको सुविधा सम्पन्न संक्रामक तथा सरुवा रोग अस्पतालको स्थापना संचालन गर्न आवश्यक बजेट विनियोजन गरिने छ । प्रदेश भित्र मृगौला, मुटु, क्यान्सर, मातृ तथा बालरोग सम्बन्धी विशिष्टकृत अस्पताल निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ भनिएको थियो । त्यो मैले उदाहरणको निम्ति २, ३ वटा ४ वटा मात्रै कुराहरु यहाँ राख्न चाहेँ, ती कुनै पनि पूरा भएका छैन । हामीहरु जति पनि विपक्षी दलका माननीयहरु छौँ, हामी सबैले राखेको सुझावहरु यो सरकारले मनन गरेर यसलाई लागु गर्ने हिसावमा अगाडि बढेको छैन, अहिले पनि कोरोनाबाट धेरै धनजन क्षति भएको अवस्था छ । पि.सि.आर. टेष्ट पनि अहिले पनि आजको दिनमा पनि १ हप्ताबाट १५ दिन सम्म पि.सि.आर. टेष्टको रिपोर्ट आउन समय लाग्छ । अहिले यो सरकारले हामीले दिएको सुझावहरु अवलम्वन नगरेको कारणबाट पनि सरकार अल्पमतमा रहेको सरकार हो, यसको वैधानिकता गुमाइसकेको अवस्था छ । पहिलो कुरा भनेको यो सरकारले विश्वासको मत लिनुपर्छ र विश्वासको मत लिईसकेपछि यो सिद्धान्तका प्राथमिकताको कुरा भए, नीति तथा कार्यक्रमका कुराहरु भए. बजेट पास गर्ने कुरा त्यसपछि मात्र आउँछ । त्यसकारण यो सरकारको वैधानिकता माथि नै एउटा प्रश्न चिन्ह खडा भएको हिसावले यो सरकारले पहिला यो वैधानिकता हासिल गर्नु पर्छ । यो सदनमा, यो सरकारले कसी लगाउने बेला आइसकेको छ । त्यसकारण पहिला यसले सिद्ध गर्नु पर्छ कि हामी वहुमतमा छौँ भनेर त्यसपछि मात्र अन्य प्रकृयाहरुलाई अगाडि बढाउनु पर्छ भन्ने कुरा म यहाँ कुराहरु राख्न चाहन्छु । अहिले नेपालमा एउटा राजनीतिमा चलेको भाषा एउटा सेटिङ भन्ने भाषा चलिराखेको छ । अहिले त्यसपछि फेरि एउटा नयाँ भाषा

चाहिँ यो मार्ग प्रशस्त र ह्याण्डसप गरैं भन्ने यो दुईवटा शब्द पनि नेपाली राजनीतिमा वहु चर्चित भएर आइरहेको अवस्था छ । अब यो मार्ग प्रशस्त गरैं मैले, विश्वासको मत लिन सकिनँ, मैले हयाण्डसअप गरैं भनेर भनिसकेपछि फेरी पनि प्रधानमनत्रीको दौडमा, मुख्यमन्त्रीको दौडमा फेरी राजिनामा दिने र फेरि त्यो रेशमा दौडिने परिपाटी देखिएको छ । अब हामीले बुझेको के हो मार्ग प्रशस्त गरैं भनेको राजिनामा दिएर बल्ल मार्ग प्रशस्त हुन्छ अथवा ह्याण्डसप भनेको के हो भने मैले सकिन अब विश्वासको मत लिन सकिनँ अब मेरो नपुग्ने भयो । अब तपाईंहरुले वैकल्पिक सरकार बनाउनुहोस् भनेर मार्ग प्रशस्त गर्ने भनेको त्यो हो । तर यहाँ अलिकति उल्टो अर्थ लागिराखेको छ । त्यसकारण यो सरकारले पहिला विश्वासको मत लियोस् र त्यसपछि मात्रै अगाडि बढोस् भन्न म चाहन्छु र यो ०७८ को सिद्धान्त तथा प्राथमिकतामा म प्रवेश गर्न चाहिन । अर्को कुरा म जाँदाजाँदै अन्तमा के भन्न चाहन्छु भने पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यो गत १३ गते राति ६ जनाको सुत्केरी महिलासहितको मृत्यु भएको छ, माननीय मन्त्रीज्यूले त्यो विषयमा जुन किसिमको धारणा राख्नु भएको छ त्यो एकदमै समय सान्दर्भिक छैन, यो सापेक्ष छैन यसको जबकि त्यो अस्पतालका डाइरेक्टर डा. भरत बहादुर खत्रीले मृत्यु भएको भनेर स्वीकार गरिसक्नुभएको अक्सिजन सिलिण्डरको अभावबाट विरामीहरुको मृत्यु भएको हो भनेर स्वीकार गरिसकेको अवस्थामा पनि माननीय मन्त्रीज्यूले यो सदनमा यसरी झुट्टा कुरा गरिरहनु भएको छ त्यसको लागि म यो सदनबाट मेरो तर्फबाट र मेरो पार्टीको तर्फबाट घोर भर्त्सना गर्न चाहन्छु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय आशा कोइराला**

माननीय सभामुख महोदय, हामी आ.व. २०७८/०७९ को बजेटको सिद्धान्त र प्राथमिकतामा छलफल गर्न भनेर यहाँ उभिएका छौँ । यो सम्मानित प्रदेश सभामा उभिरहँदा म संघीय लोकतान्त्रिक, गणतन्त्र स्थापनार्थ आफ्नो जीवनको आहुति गर्ने महान् सहिदहरु, त्यही आन्दोलनको क्रममा वेपत्ता हुने आदरणीय वेपत्ता योद्धाहरु, विभिन्न तरहले यो आन्दोलनमा सहभागी हुनुभएका सम्पूर्ण योद्धा र विभिन्न किसिमले पीडित र प्रभावितहरुलाई म हार्दिक सम्मान गर्न चाहन्छु । यतिबेला मलाई महसुस भइरहेको छ कि, संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउनुको, स्थापना गर्नुको उद्देश्य के थियो र फेरी अहिले तिनै योद्धाहरु जो संघीय लोकतान्त्रिक गणतन्त्रको लागि हामी लडेको थियौं तिनै योद्धाहरुले फेरी संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना विपरित अथवा त्यही संघीय लोकतान्त्रिक गणतन्त्र विद्यमान भएको संविधानमाथि कुल्चिरहँदा किन हामी नाजवाफ भएर बसिरहेका छौँ, किन हामी बोल्न सकिरहेका छैनौं ? यता तर्फ म सबै योद्धाहरुलाई, हाम्रो गणतान्त्रिक योद्धाका सारथीहरुलाई, सबैलाई म आह्वान गर्न चाहन्छु के यो ठिकै छ त अहिलेको वर्तमान परिस्थिति ? त्यसकारण, सभामुख महोदय, यो सम्मानित सदनमा म प्रदेश सरकारको अहिलेसम्म जे-जे गतिविधिहरु गर्दै आएको छ, त्यो सबैको म सम्मान गर्न चाहन्छु । तर संवैधानिक दृष्टिकोणले हामी त्यतिबेला सम्म सही हुन्छौं, कानुनी र विधिसम्मत हामी विधिको शासन मान्ने, सबैले प्रतिवद्धता जाहेर गरेका छौँ । हामी सबै लोकतन्त्रको हिमायती हौ, त्यसैले यो लोकतन्त्र बाटो के हो, पद्धतिको के हो, विधि विधान के हो ? त्यसलाई अंगिकार गर्नको लागि म यो प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु । अहिले हाम्रो देशमा राष्ट्रको सर्वोच्च संस्था, राष्ट्रपति माथि प्रश्न उठेको छ । अहिले हाम्रो नेपालको न्याय सम्पादन सर्वोच्च संस्था, सर्वोच्च अदालत र न्यायमूर्तिहरुमाथि प्रश्न उठिरहेको छ । राजनीतिक पार्टीहरु, राजनीतिका पार्टीका नेतृत्वहरु, निर्वाचित जनप्रतिनिधिहरुमाथि प्रश्न उठिरहेको छ । सामाजिक सेवा गर्ने विभिन्न संघ संस्थाहरुमाथि समेत प्रश्न उठिरहेको छ । यतिबेला तपाईं हामी जो हामी गण्डकी

प्रदेश सभामा छौँ, गण्डकी प्रदेश सभाले गण्डकी प्रदेश सरकारको निर्माण गर्छ, हामी गण्डकी प्रदेश सभा सम्मानित ढंगले अगाडि बढौँ । हाम्रो गण्डकी प्रदेश सरकार सम्मानित ढंगले विवादरहित भएर विधि, पद्धतिबाट अगाडि बढोस्, त्यसको लागि म हार्दिक आग्रह गर्न चाहन्छु  र अहिले विपक्षी प्रदेश सभा सदस्यहरुले यो बजेटको सिद्धान्त र प्राथमिकतामा मेरो भनाई केही पनि छैन भनिरहँदा प्रदेश सरकारले महसुस गरोस् कि सर्वप्रथम विश्वासको मत लिएर आफ्ना अन्य गतिविधिहरु अगाडि बढाओस् म यस सम्मानित सभामा प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु ।

माननीय सभामुख महोदय,

हामी कोभिड-१९ को असाध्यै ठूलो महामारीमा छौँ । यतिबेला कोभिड-१९ बाट जीवन गुमाउनु हुने सबैप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र जो संक्रमित हुनुहुन्छ उहाँको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । जो साथीहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मीहरु लगायत उहाँका आम व्यक्तित्वहरु जो कोभिड १९ महामारीको रोकथाममा लाग्नुभएको छ, नियन्त्रणमा लाग्नुभएको छ । म सबैलाई सम्मान गर्न    चाहन्छु । आम जनताहरुलाई सचेत दिन, सजक हुन र यो महामारीबाट बच्नको लागि आग्रह पनि गर्न चाहन्छु । यतिबेला म गण्डकी प्रदेश सरकारलाई जहिलेसम्म हामीले कामको जिम्मेवारी लिन्छौं त्यतिबेलासम्म यो कोभिड १९ को महामारी नियन्त्रण गर्नको लागि जिम्मेवारी लिन्छ त्यसको लागि आफ्नो कदमहरु अलि अगाडि अगाडि बढाओस्, आफ्ना कामहरु अगाडि बढाओस् त्यसको लागि पनि म आग्रह गर्दछु । किनभने यो राज्यमा जनताहरु पनि वर्गिकृत भएका छन्, हामीले देखेका छौँ कतै सरकारी हस्पिटल, कतै प्राइभेट हस्पिटलहरु छन् । कोही सम्पन्न व्यक्ति छ, कोही विपन्न व्यक्ति छ, कोही पहुँचवाला छ कोही चाहिँ असाध्यै निमुखा व्यक्ति छ पहुँच नभएको । यो सबैको बिचमा अहिले विविधता देखिरहेको छ । अहिले हामी हस्पिटल गयौं भने अलिकति पहुँच भएको व्यक्तिलाई मन्त्रीले विदेशैबाट ल्याएको

भए पनि, मैले अघिनै भने राजनीतिक व्यक्तित्वहरुमा नैतिकता हराएको कुरा, विदेशबाट आएका सिलिण्डर ग्याँसहरुमा आफ्ना स्टीकर टाँसेर पनि माननीय मन्त्रीज्यूहरुले आफ्नो व्यक्तित्व, आफ्नो सहजीपन देखाइरहनु भएको छ । यस्तो परिस्थितिमा त्यस्ता पहुँचवाला व्यक्तिहरु आए हस्पिटलको बेडमा जहाँबाट भएपनि सिलिण्डर आउने । गरीव व्यक्तिहरु जो आफ्नो पहुँच राख्न सक्दैनन् त्यस्ता व्यक्तिहरुले एउटा सामान्य उपचार नपाउने परिस्थिति सिर्जना भएको छ । यो सरकारले पहल नगरेर होइन, यो जनता सजग, सचेत नभएर होइन, नैतिकता हराएको कारणले, हामी नैतिकताबाट बाहिर गएको कारणले मान्छेहरुले यो अवस्था भोगिरहनु परेको छ र दिनानु दिन थुप्रै मान्छेहरु, हजारौं मान्छे पुगिसके, ज्यान गुमाइरहनु परेको अवस्था छ । त्यसरकारण यो कोभिडको महामारीलाई नियन्त्रण गर्ने यो सरकारले ल्याएको बजेटका सिद्धान्त र प्राथमिकतामा प्रमुख प्राथमिकतामा यो कुरालाई राखेको छ । अब प्राथमिकतामा राखे जस्तै हामीले सरकारी हस्पिटल होस् वा प्राइभेट हस्पिटल होस् यो सामान्य अवस्था होइन यो महामारीको अवस्था भनेको गरेको विशिष्ट अवस्था हो । यो विशिष्ट अवस्थामा अस्पतालमा चाहे निजी होस् चाहे सरकारी होस् चाहे नीजि बराबर मूल्यमा जनतालाई सेवा दिनुपर्छ भनेर सरकारले काम सर्क्नुपर्छ । होइन भने नाफा कामाउने उद्देश्यले मात्रै, व्यवसाय गर्ने उद्देश्यले मात्रै यो सेवा होइन भन्ने कुरा नीजि अस्पताललाई प्रमाणित गर्न सक्नु पर्छ । यो नैतिकता गुमेको अवस्थामा हामीले पहल गरेर कमसे कम राज्यले राज्य मातहतका निकायहरुलाई नियन्त्रण गरेर हामीले त्यो अवस्था सृजना गरौं, यहाँ निमुखा, गरीव, विपन्न सधै जनताले निःशुल्क सेवा पाउन् । राज्यले दिएको सेवा सुविधा सहजै उपलब्ध गराउने वातावरण बनोस् भन्दै म त्यसको लागि सरकारलाई आग्रह गर्दै भन्न फेरी पनि म भन्न चाहन्छु यसरी प्रश्न उठिरहँदा प्रदेश सरकार मौन बस्न मिल्दैन । त्यसकारण संविधान अनुरुप हाम्रा कानुनका धारा अनुरुप सरकार अगाडि बढोस्, विश्वासको मत दिने कुरालाई प्राथमिकतामा राखेर वजेटको सिद्धान्त र प्राथमिकताको छलफल

सकिनेवित्तिकै सरकारले आफ्नो कार्य योजना ल्याओस् र संसदले पनि सही ठंगले योजना बनाओस् भन्ने आग्रह गर्दै मेरो भनाई यहीँ टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य धनञ्जय दवाडीलाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, गण्डकी प्रदेश सभाको यो आठौं अधिवेशनमा माननीय अर्थमन्त्री किरण गुरुङद्वारा प्रस्तुत विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको सन्दर्भमा छलफल गर्न उपस्थित भएको छु । यो सन्दर्भमा, धेरै माननीयहरुले धेरै कोणबाट आफ्नो चर्चाहरु गर्नु भएको छ । मेरो आफ्ना केही भनाई यसै सन्दर्भमा राख्न चाहन्छु । यो असामान्य परिस्थितिमा आइरहेको सिद्धान्त र प्राथमिकता हो । असामान्य परिस्थितिमा सामान्य ढंगबाट सबै चिजहरु व्यवस्थित हुँदैनन् भन्ने कुरा सबभन्दा पहिले हामीले बुझ्नुपर्छ होला र हामीले बुझाउनु पनि पर्छ होला । यो कोरोना महामारी जुन असामान्य रुपले आक्रमण भइरहेको छ यतिबेला यो विश्वनै आक्रान्त भएको बेला यो गण्डकी प्रदेशमा यहाँ मात्र यहीँ ठाउँमा मात्र भएको ढंगले प्रस्तुत हुनु भन्दा यो विश्व महामारीबाट कसरी हामी निस्कने भन्ने बारेमा हामीले ख्याल गर्नु पर्छ । अर्थतन्त्र थला परेको छ, सम्पन्न मुलुकहरु पनि थला परेका छन्, अनि यस्तो बेलामा पनि अर्थमन्त्रीज्यूको गण्डकी प्रदेश सरकारको अर्थमन्त्रीज्यूको तनावचाहिँ बुझ्न सकिन्छ । यो हाम्रो मात्रै कारणले, यो गण्डकी प्रदेशका मात्रै कारणले यो परिस्थिति सृजना भएको छैन । यसकारण यो सबै चिजको व्यवस्थापन गर्ने दायित्व र जिम्मेवारी सबैको हुन्छ र सबैसँग रहन्छ । कोरोनाबाट प्राण रक्षा गर्ने कुरा, आर्थिक गतिविधिहरु विकास बढाउने कुरा, लोक कल्याणकारीको काम गर्ने कुरा, निजी र सहकारी क्षेत्रलाई परिचालित र आर्थिक वृद्धि हासिल गर्ने कुरा सिद्धान्त र प्राथमिकतामा आएको छ । यसले गर्दा यसका लागि हामीले स्वास्थ्यमा, शिक्षामा, कृषिमा,

खानेपानीमा, सडकमा, सूचना र सञ्चारमा जुन खालको प्राथमिकता निर्धारण गरेका छौँ, विगतमा हामीले त्यही त्यही बाटो हिडेको हो । त्यसैले विगतमा जे कामबाट प्रारम्भ गर्‍यौ, जुन गन्तव्यलाई लक्ष्य तय गर्‍यौं, त्यो गन्तव्य र बाटोमा जाने लक्ष तय गर्नका निम्ति सिद्धान्त र प्राथमिकता आएकै कारणले यो सिद्धान्त र प्राथमिकता सही छ र यसको समर्थन गर्न जरुरी छ । यसको समर्थन गरिनु पर्छ भन्ने ठान्दछु । तर आज एउटा मनोरोग व्याप्त छ । कस्तो मनोरोग व्याप्त छ भने यो मनोरोग हाम्रो गण्डकी प्रदेश सरकारमा देखियो केही विरोध गर्न नपाएपछि हिजो जुन बाटो हिडिएको थियो त्यही खामोलाई चिथोर्ने, आफ्नो प्रतिवद्धतालाई, आफ्नो वचनवद्धतालाई, आफ्नो कृयाकर्मलाई उधृत गर्ने, आत्म भ्रष्ट गर्ने, जुन ढङ्गबाट जुन अघि बढिदै छ यसले कुनै पनि गन्तव्यमा पुर्‍याउदँदैन । बोल्न त बोलिरहिएला,  जाँतो त  घुमिरहला तर ओइरो हालेन भने पीठो निस्कदैन । त्यसकारणले घुमाउन सकिन्छ घुमिरहन्छ, जाँतो भन्ने आधारमा यस्ता चिजहरु गर्नु हुन्न जसले सभाको गरिमालाई, आफ्नै गरिमालाई र आफै प्रति आत्म भ्रष्ट छ, भर्सना गरेर नैतिकताको प्रश्न गर्नु हुन्न त्यसले आफ्नै पक्ष भ्रष्टाचार गरेर नैतिकताको प्रश्न उठाएर हिँड्नु हुन्न त्यसले आफैमा नैतिकताको खडेरी भएको म आग्रह गर्न चाहन्छु, अनुरोध गर्न चाहन्छु । हामी लोकतन्त्रमा छौं, त्यसकारणले विकास पनि लोकतान्त्रिक हुनुपर्छ ।  लोकतान्त्रिक विकास गरेको सामाजिक हो, दिगो हो, सहभागितामूलक हुनुपर्छ, सहभागितामूलक दिगो र समावेशी विकासका आधारमा मात्र हामी अगाडि जान सक्छौं र अगाडि जान सक्ने बाटोमा जान्छौं ।  यसकारण बजेटले राज्य र जनताको गुणको प्रतित्व गर्दछ । त्यो गुणको प्रतित्व गर्ने कामका निमित्त यो प्रतिवद्धता आएको छ भन्ने ठान्दछु ।  अर्को कुराचाहिँ बजेट भनेको अंक मात्र होइन, बजेट भनेको राजनीतिक दर्शन र आर्थिक दिशा पनि हो । यसकारणले यो सिद्धान्त र प्राथमिकताको आफ्नो राजनीतिक दर्शन र आफ्नौ राजनीतिक कार्य दिशालाई बढी बोकेको छ त्यसलाई अगाडि लगेको छ भनेर आफ्नो कुरा राख्न चाहन्छु ।

संयुक्त राष्ट्र संघले चाहिँ यसको मापन गर्ने ३ वटा तरिका अगाडि प्रस्तुत गर्छ। स्वास्थ्यमा, शिक्षामा र आयको क्षेत्रमा के कति काम भएका छन् भन्ने आधारमा अर्थतन्त्रको विकासको मापन गर्दछ । त्यसकारण यो सिद्धान्त र प्राथमिकताले स्वास्थ्यलाई पहिलो प्राथमिकता दिएको छ। शिक्षामा आफ्नो ध्यान केन्द्रित गरेको छ, वहुवर्षिय योजनाहरुलाई निरन्तर गर्छु भनेको छ, राजगारी  सिर्जना गर्ने कुरा गरेको छ। उज्यालो गण्डकी प्रदेश प्रतिको आफ्नो प्रतिवद्धतालाई र प्राथमिकतालाई निर्धारण गरेको छ। यसकारणले यो सिद्धान्त र प्राथमिकता चाहिँ गण्डकी प्रदेशको विगतबाट हामीले प्रारम्भ गरेको यात्रालाई गन्तव्यमा पुर्‍याउने गरेर आएको छ। यद्यपि अहिले महामारीका हिसावले यसमाथि भएको जरुर तर यो माहामारीमा हामीले ख्याल गर्नुपर्ने कुरा के हो भने यो हामी सबैले सामना गरेर सामना हुने चिज हो। सबैको प्रयत्न र सोचबाट निराकरण गर्न सकिन्छ र अगाडि जान सकिन्छ। यसकारणले यी कामहरुबाट आफ्ना कामलाई केन्द्रित गरेर ध्यान राख्दै उत्पादकत्व र उत्पादन क्षमतालाई अगाडि राखेर जुन सिद्धान्त र प्राथमिकता आएको छ यसलाई स्वागतयोग्य छ र यसलाई कार्यान्वयन गर्न जरुरी छ ।  अबको संसारचाहिँ ज्ञानी र ज्ञानयुय बिचको अन्तर विभाजन हुने छ भन्ने कुरा र विभाजन हुँदैछ अबको सञ्चारलाई त्यहाँबाट हामीले पाठ सिक्नु पर्छ, त्यहाँबाट हामीले ज्ञान लिनु पर्छ, ज्ञान लिने भनेको हामी गण्डकी प्रदेशलाई गण्डकी प्रदेशको सरकारको माध्यमबाट ज्ञानयुगको अंग बन्नका निमित्त, ज्ञान युगको बाटोमा जानको निम्ति हामीले कामहरु गर्नु  पर्दछ र त्यतातिर  आफ्नो लगानी बढाउनु पर्छ। विगतका हाम्रा कामहरुले, विगतका हाम्रा उपलव्धिहरुले त्यसले हाम्रो भविष्य सुरक्षित गर्दैन भन्ने कुराचाहिँ प्रष्ट पार्‍यो । लोकतन्त्रको वहाली पछि, लोकतन्त्रको कार्यान्वयन पछि नै पञ्चायती व्यवस्थाको अवसान पछि नै अन्धाधुन्ध हिसावले जुन ढंगल हामीले उदारबादी बाटोमा हिड्यौं । जुन ठंगले हामीले राज्यको निजिकरणको बाटोमा हिँड्यौँ । त्यसको प्रतिफल अहिले हामीले महामारीमा भोग्यौँ । जुन ढंगले शिक्षालाई, स्वास्थ्य जस्ता चिजलाई नीजिकरणका माध्यमबाट समृद्धि

हासिल गर्ने सपनाहरु देखायौँ त्यो सपनालाई बाँड्यौ, त्यो सपनामा मान्छेलाई मन्त्रमुग्ध बनायौं, परिणाम के भयो भने अहिले हामीलाई खानका लागि सिटामोल, सुत्नका बेड पनि प्राप्त गर्न सकेनौं । यतिबेला राज्यले के सिकायो भने, हिजो राज्य केही पनि होइन भनेर नीजि क्षेत्र नै महत्वपूर्ण कुरा हो भनेर हल्का चिन्ताका साथ वेलगाम दौडिरहेकाहरुले आज राज्य नै सबथोक हो, राज्यले नै सबै कुरा गर्नुपर्छ भनेर जबरजस्ती यो स्थानमा आइपुगेको छ । राज्यका लगानीहरु स्वास्थ्यमा, शिक्षामा, खानेपानीमा, सञ्चारमा या यातायातमा सबै क्षेत्रमा राज्यको भूमिका प्रमुख र बलशाली हुन्छ भन्ने कुरालाई पुष्टि गर्ने गरी यो महामारीले शिक्षा दिएको छ । यो शिक्षाबाट महामारीबाट भएपनि ग्रहण गरौँ । यसै त ग्रहण गर्न सकिएन । एकतावद्ध, ऐक्यतावद्ध विश्वसनियताका आधारमा अगाडि बढ्दा मात्रै सबै ठाउँका कामहरुबाट विजय प्राप्त गर्न सकिन्छ । यसकारणले मनोगत आग्रहले तीव्र ध्रुवीकरण खोजेर, तीव्र ध्रुवीकरण बारम्बार भनिएको नेपाली राजनीतिमा, जतिबेला नेपाली राजनीतिको तिव्र ध्रुवीकरण गरियो त्यतिबेला नेपाली राजनीति द्रोहणित भएको छ भन्ने इतिहासलाई स्मरण गर्नु पर्ने जरुरी हुन्छ । माननीयज्यूले ठिकै भन्नुभएको छ,, तीव्रध्रुवीकरणमा छौँ भन्ने, त्यो तीव्रध्रुवीकरणमा देखिएको तपाईंको मनोबाद हो, मनोगत आग्रह हो, मनोवाद अग्रहले आफ्नै छायाँलाई सबभन्दा भयंकर ठूलो बाघ देख्छ र आफै तर्सेर भाग्छ, तर्सेर नभाग्नुहोस्, यो मुलुक र निर्वाचनबाट नै यो मुलुकको भविष्यलाई कल्प गर्न सकिन्छ भन्ने विश्वासलाई ग्रहण गर्दै, ग्रहण गरौँ भन्ने आग्रह गर्दै मेरो भनाई टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य ललितकला गुरुङलाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय ललितकला गुरुङ**

माननीय सभामुख महोदय, आज यस गण्डकी प्रदेशको आठौं अधिवेशनमा हामी प्रवेश गरिरहँदा, हामीलाई यस स्थितिसम्म ल्याइपुऱ्याउनु हुने सम्पूर्ण सहिदहरुलाई म सम्झन चाहन्छु, सम्मान गर्न चाहन्छु र आज देशमा कोरोनामा महामारीबाट आफ्नो ज्यान गुमाउनु हुने सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र कोरोना महामारीको दोस्रो लहरबाट संक्रमित हुनुहुन्छ जति पनि उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । यहाँ धेरै कुराहरु आए, अगाडि आएपछि केही कुरा बोल्नै पर्ने हुन्छ । हिजो मात्र प्रस्तुत विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताको बारेमा मलाई खासै बोल्न मन छैन, किनभने गत सालहरुमा पनि हामीले धेरै सुझावहरु, धेरै छलफल नगरेका होइनौं तर हाम्रा सुझावहरु कहाँनिर समेटिए ? म स्मरण गराउन चाहन्छु । हिजो वैधानिक सरकार हुँदै गर्दा ज्ञानी भन्नुपर्छ, एकदम सहयोगी प्रतिपक्षी हुँदै गर्दा, हामीले सुझाव दिँदै गर्दा कहाँनिर समेटिए ? त्यहाँनिर संवोधन हुन सकेन । हुँदै गर्दा अहिले अल्पमतको सरकार, अवैधानिक सरकार भनेर भनिएको छ । हुन पनि हो, तर सरकारलाई पनि थाहा छ, सरकारमा बस्नु हुने पदाधिकारीज्यूहरुलाई पनि थाहा छ ३० दिन भित्र विश्वासको मत लिनु पर्छ भन्ने कुरा । तर ३० दिनै कुर्नुपर्छ र ? थाहा पनि छ किनभने १ गते बजेट ल्याउनु पर्छ, सरकार ३० गतेसम्मको लागि मात्रै हो, २८ दिन सम्मको लागि मात्रै हो भन्ने थाहा छ, यी कुरा थाहा हुँदा हुँदै पनि किन बुझ पचाइयो, किन वेवास्ता गरियो ? हामी यहाँबाट बोल्नु पर्ने हो ? त्यो कुरा सरकारले जान्नु पर्ने हुन्छ । त्यसकारण यहाँ प्रस्तुत नगरौँ यहाँहरुको सेटिङ, यहाँहरुले इटिङ, यहाँहरुको इन्डिङ जे-जे गर्नुहुन्छ गर्नुस् तर यहाँहरुले फर्मल तरिकाले यहाँहरुले नियम, यहाँहरुल े विधिसँग आउनुहोस् भन्न चाहन्छु, किनभने भोलि थाहा छैन बजेट कसले लेराउँछ ? यहाँहरुले ल्याउनुहुन्छ, सायद अर्को सरकार बन्ला जो बन्ला तर बजेट राम्रो बनोस् किनभने हाम्रो उद्देश्य भनेको समृद्ध गण्डकी प्रदेश, सुखी गण्डकी नागरिक समृद्ध गण्डकी प्रदेश भन्ने हो ।

यो नारा सफल रहोस् तर यही नारा सफल गर्नको निम्ति यो अनुसार काम गरियोस् भन्दै म आफ्नो भनाई अन्त्य गर्न  चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री लेख बहादुर थापा मगरलाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय लेख बहादुर थापा मगर**

माननीय सभामुख महोदय,  आज म भिन्न परिस्थितिमा उपस्थित भएको छु । महान् जनयुद्ध, जन आन्दोलन, मधेश आन्दोलनको क्रममा सहादत प्राप्त गर्नुभएका सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । वेपत्ता योद्धाहरुप्रति चिर स्मरण गर्छु । घाईते योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना र न्यायप्रेमी आदरणीय बुवा-आमा, दिदीबहिनीहरुमा हार्दिक सम्मानसहित न्यानो अभिवादन व्यक्त गर्दछु । विश्व महामारी कोरोना भाइरस पहिलो लहर देखि यु.के. ईण्डियनको भाइरसको दोस्रो लहरसम्म मृत्युवरण गर्नुभएका मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली र उपचाराारत संक्रमणहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै कोरोना भाइरसबाट संक्रमित नहुन स्वास्थ्य मापदण्ड अपनाई सुरक्षित हुन सम्पूर्ण जनसमुदायमा अनुरोध गर्दछु । यस क्रममा उपचारमा सहयोग गर्नु हुने डक्टर तथा स्वास्थ्यकर्मीहरुमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय,

करिब ३८ महिना सत्तासिन पछि, भिन्न परिस्थितिमा प्रतिपक्षको बेञ्चबाट बोल्ने  अवसर दिनुभएकोमा म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । २०७४ फागुन ४ बाट २०७७ चैत्र २५ गतेसम्म ३ वर्ष ५१ दिन प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीको हैसियतमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको तर्फबाट सहभागी भई पार्टीको नीति, सिद्धान्त, विचार, आफ्नो चेतना र

क्षमताले भ्याएसम्म  इमान्दारीतापूर्वक कर्तव्यनिष्ठ भई गण्डकी प्रदेशको आम किसान, सहकारीमा संवद्ध जनसमुदायको आर्थिक उन्नति, भू-चक्लावन्दी, उत्पादन र उत्पादकत्व वृद्धि, प्रशोधन उद्योगहरु, बजारीकरणको निर्माण गरेकोले १० सौं हजार नियमित आधुनिक व्यवसायी तथा ५० औं हजार स्वरोजगारी आत्मनिर्भर किसान तयार भएका छन्। मन्त्रालयलाई आवश्यक पर्ने ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डहरु निकै मेहेनत बिच निर्माण भएका छन् । सबै जिल्लाहरुमा कृषि तथा पशुपंक्षी कार्यालय र करार मार्फत आवश्यक कर्मचारीहरु भर्ना गरी पूर्णता दिई पूर्ण कार्यान्वयनमा आएका छन्। प्रदेशमा यति व्यवस्थित मन्त्रालय  सायदै अन्य मन्त्रालय होलान्, यसप्रति म गर्वानुभूति गर्दछु। यस अवसर प्रदान गर्नुभएका नेकपा माओवादी केन्द्र पार्टी संसदीय दल तथा मुख्यमन्त्री पृथ्वीसुव्बा गुरुङप्रति हार्दिक आभार व्यक्त गर्दछु र आदरणीय जनसमुदायमा सम्मान व्यक्त गर्दछु। यति हुँदाहुँदै पनि पनि वहु प्रचारित राष्ट्रिय गौरवपूर्ण प्रदेश गौरवको योजना काउ्स र गण्डकी काउ फर्मको ३२ औं अरवको योजना मुख्यतया नोकरशाही संयन्त्रको असहयोग र प्रदेश सरकारमा बुझाइमा एकरुपताको कारणबाट लागु हुन सकेन त्यसतर्फ दुःख व्यक्त गर्न चाहन्छु। राजनीतिक  परिस्थितिमा अलिक विश्व स्थिति कोभिड दोस्रो तेस्रो लहरले आक्रान्त छ। प्यालेस्टाइनी र इजरायली, यहूदी र मुस्लिमको धार्मिक युद्धको रुपमा तर समयवाद उत्पीडित राष्ट्रको बिचको युद्धमा वदलिएको छ। अमेरिकाले एमसिसि मार्फत आर्थिक उपनिवेश मार्फत राजनीतिक र सामरिक हस्तक्षेप गर्दैछ। भोलि दक्षिणबाट नेपालको गठमुग्दे मार्फत नेपाल सरकार हिन्दु राज्य घोषणा गराउँदै सिमाना हस्तक्षेप गरिरहेको छ र यु.के., ईडियन भेरियन्ट मार्फत नेपाली जनतामाथि औषधी व्यापारको केन्द्र बनाउँदै छ। राष्ट्रिय स्थितिमा नेपालमा राष्ट्रवादी र राष्ट्रघाती बिच तिव्र टक्कर भइरहेको छ। पन के.पी. ओलीहरु भुसुनाको रुपमा पसेर भ्यागुताको रुपमा ट्वारट्वार कराइरहेको छ। जसले २ पटक संसद विघटन गर्‍यो। संविधान विरुद्धको षडयन्त्र गर्‍यो, संसद विघटन गर्‍यो, संघीयता गणतन्त्र, समावेशिता, धर्म

निरपेक्षता, सामाजिक न्याय र मौलिक हक अधिकार च्यूत गर्दैछ । कानुनी मूल्य, मान्यता, नैतिकता कुन चराको नाम हो ? तर अझ डकार्दैछन् म नैतिकवान छु । राष्ट्रपतिको निजी सचिवालय जस्तो बनाई दुरुपयोग गर्ने र असंवैधानिक र गुटगत हुन गएको कार्य अत्यन्तै अस्वाभाविक विषम परिस्थिति छ । सबै संवैधानिक निकायहरुलाई असंवैधानिक बनाइएको छ । सत्ताका मुख्य क्षेत्र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका गाउँपालिका विध्वस गरिएको छ र तर अझ डकार्दैछन् म नैतिकवान छु त्यसैले यो देश टिठ लाग्दो छ । प्रदेशकै स्थिति हेर्दा प्रदेश सरकार अविश्वासको प्रस्ताव तयारी, प्रदेश सभा विघटन, विशेष अधिवेशन आह्वान, अविश्वासको प्रस्ताव पारित हुने स्थिति, विभिन्न तिकडम प्रदेश प्रमुखको हटाउने र नयाँ नियुक्ति गर्ने कुरा, वैठकको पूर्वसन्ध्यामा राजिनामा, दलगत संयुक्त रुपमा वहुमत देखि दावी पेश तर पुनः मुख्यमन्त्री पृथ्वीसुव्वा नियुक्ति हुने हुँदा कुरा पछिल्लो प्रदेश सरकार केन्द्रीय सरकारकै डुब्लिकेट रुपमा रहेको छ त्यसैले वर्तमान प्रदेश सरकार अस्थिर, आतंकित र अकर्मण्यतामा फसेको छ । रसीले छातीमाथि जाँतो झुण्ड्याए जस्तो छ । फेरी संसदबाट आतंकित भई कायरतापूर्वक विघटन हुन सक्ने तर्फ खवरदारी गरौं । सँगसँगै अभ्यास र लोकतन्त्रको पर्याप्त अवसरको लागि एकतावद्ध संघर्ष गरौं । पदलोलुपता एकाधिकारवाद, सामन्ती संकीर्णता यसकारण मैले बनाएको हो, मैले मात्र थाम्न सक्छु म विना पृथ्वी घुम्नै सक्दैन भन्ने त्यस्ता मपाइत्व र व्यक्तिवाद रुपान्तरण र परिवर्तनको वाधक हो । संसदमा हुने अल्पमत र वहुमतले आम जनताको अल्ममत र वहुमतको पनि परिचलन हो । त्यसैले कसैले आडम्वर र घमण्ड प्रस्तुत व्यवहार हो र सबैको अस्तित्व र महत्वले अविश्वासको महत्व दियो त्यसले पुनः यही प्रदेश सरकारले विश्वासको मत लिनुपर्छ र अविश्वासको भएमा राजिनामा दिई मार्ग प्रशस्त गर्नु  पर्दछ । माननीयज्यूहरुले केन्द्रीय सरकारको विरोध गर्दै गर्दा प्रदेश सरकारले आफूतिर पनि घोत्लिनु पर्छ । प्रदेश सभा नयाँ प्रवेश प्रमुख र नियुक्त आगमन भयो, संसदमा भएको जोड घटाउले प्रदेश प्रमुख फेरबदल हुनु यो

नियोजित षडयन्त्र हो । प्रदेश सरकारको राय, केन्द्रीय सरकारको सिफारिसमा राष्ट्रपतिले निवर्तमान प्रदेश प्रमुख अमिक शेरचनलाई हठात् विस्थापित गरी सिता कुमारी पौडेललाई नियुक्ति गर्नु एकाधिकार, सर्वसत्तावादी र अलोकतान्त्रिक प्रवृत्ति नै हो । नयाँ प्रमुखज्यूबाट पार्टीको दासत्व जस्तै यसो नहुन र सभामुख र संसद विरुद्ध धावा नबोल्न र नयाँ सरकार गठनमा षडयन्त्र अवरोध नगर्न हार्दिक आग्रह गर्दछु ।

अन्तमा, अर्थमन्त्रीज्यूबाट विनियोजित विधेयकको सिद्धान्त र प्राथमिकता-२०७८ जो पेश गर्नुभएको छ, यस बारेमा अब वैधानिकताको स्थितिलाई क्लियर गरेर अगाडि बढ्न त्यस ढंगमा म सबैको सहयोगको अपेक्षा राख्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य **श्री मिना गुरुङ**लाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय मिना गुरुङ**

माननीय सभामुख महोदय, आज विनियोजन विधेयक २०७८ को सिद्धान्त र प्राथमिकता बारेको यो छलफलमा मलाई सहभागी भएर यो बोल्ने अवसर दिनुभएकोमा म प्रथमतः यहाँलाई धन्यवाद दिन चाहन्छु । वास्तवमा अहिले यतिबेला हामीले यो गण्डकी प्रदेशको विधेयक २०७८ को सिद्धान्त र प्राथमिकताको बारेमा छलफल गर्दा संविधानको भाग ४ मा उल्लेखित निर्देशक सिद्धान्त प्रथम पञ्चवर्षिय योजना तथा दिगो विकासका लक्षबाट निर्देशित भएर हामी सम्मानित सभाका सांसदहरुको संयुक्त एकीकृत भावनाबाट बनेको यो हाम्रो सिद्धान्त र प्राथमिकता नै क्रमिक रुपमा आएको कुरा यहाँहरुलाई विदितै भएको छ । मलाई आज बोल्न मन लागेको कुरा चाहिँ बास्तवमा हामीले बजेट कस्तो ल्याउने भन्ने छलफलमा प्रथम हामी सिद्धान्त र प्राथमिकतामा छलफल चलाइरहेका छौँ । बजेट कस्तो आउनुपर्छ र बजेट ल्याउनका लागि आज हामी मन र मस्तिष्कबाट स्वतस्फूर्त हामी

आत्मविश्वासका साथ कसरी काम गर्न सकिरहेका छौँ भन्ने कुरामा हामी सबैले अहिले महसुस गर्नुपर्दछ । भर्खरै पूर्ववक्ता माननीयज्यूले भन्नुभएको छ, अर्थमन्त्रीज्यूले यो पाली अलि जाँगर नदेखाएको कुरा । त्यो साँचो कुरा पनि हुन सक्छ, किनकि साह्रै नै अप्ठ्यारो परिस्थिति अहिले हाम्रा गण्डकी प्रदेश मात्रै होइन, हाम्रो सम्पूर्ण देशमा नै एउटा सृजना भएको स्थिति छ । मलाई के लाग्छ भने यो लोकतन्त्र ल्याउनको लागि जति पनि साहदत प्राप्त गर्नुभयो, जतिपनि लोकतन्त्रिक गणतन्त्र स्थापना गर्नको लागि आफ्नो वलिदानी, जुन एउटा आत्मालाई हामीले यहाँ स्मरण गरिरहेका छौँ, पवित्र सहिदहरुलाई हामीले स्मरण गरिरहेका छौँ । उहाँलाई साक्षी राखेर बोलिरहँदा, उहाँहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गरिरहँदा छौँ आफू कति सही ढंगले काम गरिरहेका छौँ भन्ने कुरा पनि मनबाटै आफुले आफैलाई आत्मा आलोचित गर्नु पर्छ भन्ने सृजना हुन्छ भन्ने मलाई लाग्छ । अहिले यतिबेला कोरोनाको यो महामारीले हामीले महत्वपूर्ण व्यक्तिहरुलाई गुमाइरहेका छौँ, हाम्रो आफ्ना आफन्तहरुलाई हामीले आँसू पनि पुछ्न नपाइकन, यहाँ आएर सरकारको यो नियमित बजेटको लागि प्राथमिकता र सिद्धान्तमा छलफल चलाईरहेका छौँ । हाम्रो आफ्नो दायित्व सरकारले वोध गरेर हामी सबैलाई यहाँ अधिवेशनमा आफ्नो जिम्मेवारी प्रदान गरिरहेको छ र समयमै बजेट आउनुपर्छ भन्ने कुरामा आफ्नो उत्तरदायी बजेटको उत्तरदायी आफ्नो कामलाई यहाँ प्रस्तुत गरिरहेको.छ । के साँच्चै.पनि लोकतन्त्रमा सरकार गठन र विघटन, सरकार गिराउने मात्रै लोकतन्त्र होइन हो र ? सरकार गिराउने मात्र लोकतन्त्र होइन भन्ने कुरालाई हामी सबैले बुझिसकेका छौँ । परम्परागत यो हामीले जुन ग्रसित राजनीतिबाट हामी आज कसरी अगाडि बढिरहेका छौँ भन्ने कुरामा तपाईं हामी सबैले एकान्तमा सोच्नु पर्ने स्थिति छ । तर अहिले जति पनि हामीले कुराहरु चलाएका छौँ, यो बजेटलाई कसरी हामीले अब हाम्रो जनताको सपनालाई साकार गर्नको लागि, अनि जनताको आकांक्षा पूरा गर्नको लागि, र गण्डकी प्रदेशको जनतालाई समृद्धि र सुखी प्रदेशको त्यो हाम्रो नारालाई हामी कसरी बढ्नु पर्छ भनेर केन्द्रित भएर आएको

यो हाम्रो गण्डकी प्रदेशको विधेयक-२०७८ जो अहिले हाम्रो सामु छ, हाम्रो अर्थमन्त्रीज्यू र हाम्रो मन्त्रालयका सम्पूर्ण कर्मचारीहरुले आफ्नो विज्ञताबाट जुन यहाँले प्रस्तुत गर्नुभएको छ, यो प्रति मेरो समर्थन छ र मेरो पार्टीको पनि समर्थन छ र म यसमा थोरै सल्लाह, सुझाव पनि राख्न चाहन्छु । अहिले यतिबेला राजश्व कति उठेको होला, हामीले स्रोत, साधन हामीले कसरी जुटाएको होला भन्ने कुराको चिन्ताको विषय पनि हामीहरुसँग हुनुपर्छ कि पर्दैन ? नैतिकताको कुरा गरिरहँदाखेरी हामी आफै कति नैतिकतावान भएर काम गरिरहेका छौं ? अहिले भर्खरै यहाँ धेरै माननीयज्यूहरुको कुरा सुन्दा मलाई आश्चर्य लाग्छ । हिजो बोल्नुभएका ती भनाइ र शब्दहरु आजकै भनाई र शब्दहरु ६ महिना भित्र र केही महिना भित्रमा यसरी परिवर्तन हुन्छ भने के राजनीति साँच्चै नै हामीले सही ढंगले आफ्नो बुझाईमा वा आफ्नो जीवनमा धारणा गरेका छौं ? यो प्रश्न हामीले आफैलाई गर्नु पर्ने आवश्यकता छ । मैले देखेको छु, अहिले राजश्व बढाउने धेरै माध्यमहरु छन् हो, कोरोनाले अहिले यतिखेर निस्तेजित भएर बस्नुपरेको अवस्था छ, त्यसमा अहिले बैंकमा बचत रकमहरु धेरै थन्किएका छन् । विदेशबाट आएका धेरै रकमहरु बैंकबाट थोरै व्याज कमाएर, जीवन निर्वाह गर्नको लागि, यो देशको यस्तै राजनीतिक अस्थिरताबाट डराएर या लगानी गर्न नसकेर धेरै त्यस्ता रकमहरु थन्किरहेका छन् । त्यस्ता रकमलाई हाम्रो सरकारले आफ्नो अभिभावकत्व प्रदान गरेर, अबको घडीमा यो कोरोनालाई केही मत्थर बनाएर यो कोरोनाबाट हामी सुरक्षित हुदैं त्यस्ता रकमहरु पनि परिचालन गर्न सक्यौ भने हाम्रो गण्डकी प्रदेशको आर्थिक स्रोतमा केही थप मद्दत हुन्छ र हामीलाई थप सहयोग हुन सक्छ भन्ने पनि म यहाँ सुझाव राख्न चाहन्छु । वास्तवमा भन्ने हो भने यो बजेट भनेको एउटा वजेट मात्र होइन । यो वजेट भनेको एउटा राजनीतिक दस्तावेज हो, यो बजेट भनेको सामाजिक, आर्थिक दस्तावेज हो । विगतको आर्थिक अवस्थाको अभिलेख वर्तमानका वास्तविक चित्रण र भविष्यको प्रक्षेपण गर्ने एउटा माध्यम हो, जसको लागि यो अहिले हामीले यतिबेला विनियोजन विधेयक २०७८ को सिद्धान्त र

प्राथमिकतामा बोलिरहँदा इमान्दारीपूर्वक सरकारले समयमै ल्याएको कुरालाई हामीले वधाई दिनुपर्छ, धन्यवाद दिनुपर्छ र जनताको सपना, जनताको आकांक्षा भनेको हाम्रो राजनीति यो विखण्डन, राजनीतिक आरोप प्रत्यारोपतिर होइन, कस्तो किसिमको बजेट आउँछ भन्नेतिर ध्यान केन्द्रित भएको हुँदा आज हाम्रो सरकारले समयमै ल्याएको बजेटको लागि जुन एउटा सिद्धान्त र प्राथमिकता आएको छ, यो सिद्धान्त र प्राथमिकताले सिद्ध गर्न सकोस । अबको बजेटलाई हामीले हाम्रो प्रदेशको लागि एकदमै भरपर्दो र सपना साकार हुने र राज्यको सम्पूर्ण हामीले सोचेका विषयहरुलाई हाम्रो उद्देश्यहरुलाई हामीले कानुनी रुपले कार्यान्वयन गर्न सक्ने हिसावले यो बजेट कार्यान्वयन होस् भन्दै म विदा हुन्छ । हस त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरीता गुरुङलाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय सरीता गुरुङ**

माननीय सभामुखज्यू, आज यस गरीमामय सभामा हिजो माननीय अर्थमन्त्रीज्यूबाट प्रस्तुत भएको प्राथमिकता र सिद्धान्तको बारेमा प्रस्तुत हुन गईरहेको छु । माननीय सभामुखज्यू, सर्वप्रथम त यो विश्व महामारी कोभिड १९ बाट ज्यान गुमाउनु हुनेहरु प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै कोभिडको दोस्रो लहरसित संघर्ष गरिरहनु भएका संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

माननीय सभामुखज्यू,

यहाँ यसभन्दा पहिला धेरै माननीयज्यूहरु आ-आफ्नो विचार राखिसक्नु भयो । हुन पनि यो साँच्चै नै हो किनभने यो अल्पमतको सरकार हो, यो असंवैधानिक सरकार हो, हामीलाई जानकारी छँदाछँदा यो समयलाई किन दुरुपयोग गरिरहने ? यो समयलाई हामीले एउटा सदुपयोग गर्नु पर्ने हुन्छ । त्यो भइरहँदाखेरी हिजो अर्थमन्त्रीज्यूले एउटा

प्राथमिकता र सिद्धान्त विधेयक प्रस्तुत गर्नुभयो, त्यो बारेमा मलाई बोलिरहनु पर्ने मैले आवश्यकता ठानेको छैन । किनभने विगतको वर्षहरुमा गण्डकी प्रदेशमा नेकपाको वहुमत सरकार थियो, त्यतिखेर नेपाली काँग्रेस एउटा प्रमुख प्रतिपक्षको हैसियतले एउटा रचनात्मक सुझावहरु, सल्लाहहरु दिँदाखेरी कहिल्यै, कुनै पनि बुँदामा समेटिएको थिएन, त्यो तीतो अनुभव हामी  सबैलाई जगजाहेरै छ । त्यसैले यो अहिलेको असंवैधानिक सरकार, अल्पमतको सरकारले पेश गरेको सिद्धान्त र प्राथमिकतामा प्रवेश गर्न मैले आवश्यकता ठानेको छैन । त्यसमा म प्रवेशै गर्न चाहँदिन मात्र क् भन्न चाहन्छु भने अहिले देश कोभिड १९ ले आक्रान्त भएको छ । अस्ति १३ गते बिहीबार बेलुका गण्डकी अस्पतालमा अक्सिजन सिद्धिएको छ त्यो दिनभरि पोखरामा अक्सिजन उत्पादन भएको छैन, डक्टरले हात उठाइसकेको छ तैपनि यो हाम्रो सरकारलाई कसैलाई यसबारे मतलव छैन, चाहे त्यो संघ सरकार होस्, चाहे त्यो प्रदेश सरकार होस् कुर्चीकै मायामा र त्यसको होडबाजी चलिरहेको छ । हुन पनि आज हामीलाई के लाग्छ भने मलाई लाग्छ, यो संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गरिसकेपछि हामीले एउटा संघीयता आयो यो देशमा र मलाई लाग्छ यहाँ हामी प्रतिनिधित्व गर्नेहरु सबै एउटै लोकतन्त्रको हिमायती हो, त्यति भइराख्दा पनि आज चाहे त्यो संघ सरकारले होस्, चाहे त्यो प्रदेश सरकारले होस्, असंवैधानिक कदमहरु चालिरहँदाखेरी यहाँहरुले कसैले पनि यो ठिक होइन है हामी एउटा सही मार्गमा लाग्नुपर्छ, यो संघीयता ल्याउनको लागि कति वीर सहिद भए, कतिले यो देशकै लागि वलिदान दियो, त्यो इतिहास हामीले बिर्सनु हुँदैन । हामीलाई सहिदको सराप लाग्छ, सहिदको रगतले दुःख देला भनी यहाँहरुको दिमागमा कहिले पनि आएन । तैपनि संघ सरकारलाई सही छ ठिक छ भनेर त्यसलाई समर्थन गरिरहने, प्रदेश सरकारलाई पनि अब नेपालको संविधानमा यो ३० दिन भित्र विश्वास को मत लिने हो भनी त्यो ३० दिनको समय पर्खनु पर्छ भन्ने के थियो ? किनभने यसलाई पक्कै पनि अब यो १ गते पक्कै पनि बजेट पास गर्नु पर्छ भनी यो नेपालको संविधानमा

यो व्यवस्था भइसकेपछि, विश्वासको मत लिईसकेपछि, यो कसको सरकार बन्ने हो ? त्यसपछि कमसे कम आफ्नो कुर्ची फुत्किए पनि नेपाली जनताले, प्रदेशको जनताले सुख पाउँथ्यो, र प्रदेशको सरकारले एउटा राहतको अनुभूति हुन्थ्यो भन्ने सोचाई भएको भए सायद यो नीति कार्यक्रम यो सिद्धान्त र प्राथमिकता पेश गर्नुभन्दा विश्वासको मत लिने प्रति सरकार लाग्थ्यो होला, जनताको प्रति कुनै चिन्ता नभएकै कारणले गर्दाखेरी यो समयलाई लस गरिराखेको छ, समय वितिराखेको छ, यति भन्दै मैले कुनै नीति कार्यक्रमप्रति म प्रवेश नगरिकन यो असंवैधानिक सरकार हो, यो अल्पमतको सरकार हो, यहाँ पनि हामीले छातीमा हात राखेर एउटा प्रजातन्त्रको हिमायती हो भने यो असंवैधानिक कदमलाई सुधार्नु पर्छ भन्नलाई म यहाँलाई अनुरोध गर्दै विदा हुन्छु धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन म समय दिन्छु,

**माननीय राजीव पहारी**

माननीय सभामुख महोदय, सर्वप्रथम कोरोनाको कारणले अकालमा ज्यान गुमाउनु भएका सबैप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । गण्डकी प्रदेशको समग्र विकास निर्माण र समृद्धिमा लाग्दालाग्दै कोभिड-१९ बाट जनताको जीउधनको सुरक्षा, रक्षा गर्न जोगाउन, बचाउन दिनरात नभनी अहोरात्र खट्दा खट्दै अकस्मात कोरोना भाइरसको संक्रमणमा परी, होम आइसोलेसनमा बसी स्वास्थ्य लाभ गरिरहनुभएका माननीय मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङ, त्यस्तै माननीय हरिशरण आचार्यको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । र म जस्तै कोरोनालाई परास्त गर्न सफल हुनुभएका माननीयज्यूहरुको अझ पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु । उपचारार्थ सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड-१९ बाट संक्रमितको उपचारको निम्ति अहोरात्र खट्नु हुने स्वास्थ्यकर्मी, नियन्त्रण गर्न प्रभावकारी भूमिका

खेल्नु हुने सुरक्षाकर्मीहरु प्रति शिर निहुऱ्याएर उहाँहरुलाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय,

असार साउनमा मूल फुटेर उर्लिएको खहरेखोला जस्तो होइन, जनताको सुख, दुःख, हाँसो-रोदनमा एकाकार भएर जनताको बिचमा काम गरिरहेको पार्टीको एकल सरकारले निर्वाध रुपमा बजेट ल्याउन पायो भने कस्तो बजेट ल्याउँदोरहेछ देशका हरेक क्षेत्रका, हरेक तप्काका समुदायले के पहाड, के तराई, के मधेश, के बालक, के वृद्ध, के युवा, सम्पूर्ण जनताले कसरी त्यो बजेटलाई स्वागत गर्दारहेछन्, अपनत्वको अनुभूति गर्दारहेछन् भन्ने कुरा अस्ति गणतन्त्र दिवसको दिनमा संघीय सरकारले ल्याएको बजेटले नै दिउँसोको घाम जत्तिकै छर्लङ्ग पारेको छ । अभिमन्यूलाई चक्रमव्यूहमा परेझैं पार्ने प्रयत्न गर्दै सरकारलाई बजेट ल्याउन नदिन स्वार्थ र अविश्वासको जतिसुकै महागठवन्धन भए पनि सबै षडयन्त्रका तानाबानाहरुलाई चिर्दै जसरी संघीय सरकारले बजेट ल्याएको छ, त्यस्तै गरी यो प्रदेशमा पनि सबै खालका चुनौतीहरु र प्रतिकुलताहरु अँध्यारो कुनामा बसेर बुनेका षडयन्त्रका तानाबानाहरुलाई चिर्दै, छिचोल्दै त्यसको बावजुत पनि राजनीतिक अनुभवले खारिएको परिपक्व विद्वान व्यक्तित्वका धनी प्रदेश सरकारका आर्थिक योजना मन्त्री किरण गुरुङले हिजो यो सदनमा विनियोजन विधेयक २०७८ का सिद्धान्त र प्राथमिकताहरु टेबुल गर्नुभएको छ ।

माननीय सभामुख महोदय,

यो विधेयक कोभिड-१९ ले यस प्रदेशको अर्थतन्त्रलाई पारेको गम्भिर असर जस्ता कारणले हरेक क्षेत्रले व्यहोर्नुपरिरहेको कठिनाई र त्यसलाई कसरी संवोधन गर्न सकिन्छ ? जनताको जीउधनको सुरक्षा कसरी गर्न सकिन्छ ? हरेक क्षेत्रलाई पुरानै लयमा कसरी फर्काउन सकिन्छ ? विकास निर्माण मार्फत प्रदेशलाई कसरी समृद्ध

प्रदेश सुखी जनताको लक्ष्यलाई पूरा गर्न सकिन्छ ? भनेर १२ पेजको मात्रै सानो पुस्तक पढियो भने हरेक क्षेत्रको विश्लेषण गरेर निकालिएको एक प्रकारले भन्ने हो भने समुद्रलाई नै मन्थन गरिएर निकालिएको अमृत जवाफ जस्तो छ । तसर्थ, यो विधेयक अहिलेको यथार्थतीय धरातलीयको जगमा उभिएर आएको छ र म आवद्ध रहेको पार्टी र मेरो व्यक्तिगत तर्फबाट पूर्ण समर्थन गर्न चाहन्छु र यसले हरेक क्षेत्रको बारेमा यहाँ व्याख्या विश्लेषण गरिएको छ ।

माननीय सभामुख महोदय,

बोल्न नचाहँदा नचाहँदै पनि केही विषयवस्तुमा प्रवेश गर्नु परेको छ । हिजो यही प्रदेशका प्रदेश प्रमुख बाबुराम कुँबरलाई सरकारले परिवर्तन गरेर अमिक शेरचनलाई ल्याउँदा त्यसलाई अग्रगमन र क्रान्तिकारी देख्नेहरुले त्यही विधि र प्रकृयाबाट आज फेरी अमिक शेरचनको ठाउँमा सिता पौडेललाई ल्याउँदा चाहिँ प्रतिगामी देख्ने कुरालाई मैले यो डबल स्ट्याण्डर हो वहुल चरित्रको कुरा गर्ने भनेर भन्न चाहन्न । नाँच्न जान्दैन आँगन टेढो भनेझैँ आफ्नो अवाञ्चित स्वार्थपूर्ति नहुने भएपछि प्रदेश प्रमुख जस्तो सम्मानित पदलाई विवादमा ल्याउन जुन प्रयत्न गरिएको यो अत्यन्त दुःखद कुरा हो ।

माननीय सभामुख महोदय,

यहाँ प्रदेश सरकार कोरोना महामारीबाट जनताको जीवन रक्षा कसरी गर्न सकिन्छ भनेर अहोरात्र खटिरएको बेला, विकास निर्माणको माध्यमबाट प्रदेशको कसरी समुद्ध बनाउन सकिन्छ भनेर लागिरहेको बेला गण्डकी प्रदेशमा विना कारण विना आधार अवान्चित नाटक मञ्चन नाटक गर्न गरिएको छ, जुन नाटकको एकमात्र उद्देश्य र लक्ष्य भनेको फगत आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्ने बाहेक केही होइन र यो नाटकको पनि सरकारले सामना गर्ने नै छ म सबै पक्ष सांसदको तर्फबाट यो भन्न चाहन्छु । संविधानमा, नियमावलीमा व्यवस्था भए अनुसार एक महिनाभित्र यो

सदनबाट विश्वासको मत लिन सरकार तयारै छ, जुन कुरा सरकारका प्रतिनिधिहरुले बताइसक्नुभएको छ । जनप्रतिनिधिकुलको यो साझा सरकार प्रदेश सभाबाट मात्र किन ? आवश्यकता पर्‍यो भने प्रदेशका सार्वभौमसत्ता सम्पन्न जनताको बिचमा गएर भए पनि विश्वासको मत लिनको लागि नेपाली जनताको प्यारो पार्टीचाहिँ तयार छ, होमिनको निम्ति छ । यहाँ धेरै कुरा आए ।

माननीय सभामुखज्यू,

सेटिङका कुराहरु पनि आए । म यति मात्र भन्न चाहन्छु बैशाख १३ गतेबाट विशेष अधिवेशनको सुरुवात भएको थियो । बैशाख १५ गते आविश्वाशको प्रस्तावमाथि सांसदहरुले छलफल गरिरहनु भएको थियो, छलफल करिब करिब सिद्धिन लागेर त्यसपछि माननीय मुख्य मन्त्रीज्यूले जवाफ र अविश्वासको प्रस्तावमाथि मतदानको कार्यसूची थियो, त्यही अनुसार कार्यसूची पनि बाँडिएको थियो तर त्यही अनुसार सदन अगाडि बढिरहेको बेला मतदान गर्ने केही समय केही अगाडि २० मिनेटलाई सदन स्थगित गरिएको थियो । जुन अनिश्चितकालीन सदन स्थगित किन गरियो भन्ने कुराको पनि भोलि इतिहासले लेखाजोखा गर्नेछ, म त्यतातिर धेरै कुरा भन्न चाहन्न, म सेटिङको कुरा पनि यहाँ उल्लेख गर्न चाहन्न, त्यसको भोलि हिसाव-किताव इतिहासले नै दिनेछ । म यिनै कुराहरु राख्दै, अन्तिममा अहिले गण्डकी प्रदेश सरकारले कोभिड-१९ बाट नागरिकको जीवन रक्षा गर्न पर्याप्त ओषधोपचारको व्यवस्था गर्न, सबै नागरिकलाई खोप व्यवस्थापन गर्न, तथा प्रभावित आर्थिक, सामाजिक लगायतका अन्य क्षेत्रलाई गतिशील बनाउन, पुनरजीवन कोषलाई प्रभावकारी रुपमा संचालन गर्ने र कोभिड-१९ माहामारीको तेस्रो र अन्य लहर भविष्यमा आउन सक्ने अन्य यस्तै बाढीपहिरो लगायतका अन्य विपद्लाई पूर्व तयार र व्यवस्थापनलाई विशेष प्राथमिकता दिएको छ । संघीयतालाई प्रदेश सरकारबाटै बलियो बनाउने र संस्थागत गर्ने र अन्तर सरकारी समन्वयलाई प्रभावकारी बनाउने

कुराहरु आएको छ, लगानीको बाटो निर्माण गर्दै उत्पादनमुखी रोजगारी, गरिवी निवारणलाई फोकस गरेको छ, फजुल खर्च रोक्न आर्थिक पारदर्शीतालाई वित्तीय उत्तरदायीत्व गरेको छ । स्वास्थ्य प्रणालीलाई व्यवस्थित बनाउने कुरा आएको छ । स्वास्थ्यका कुरा धेरै आएका छन् । म यत्ति मान निवेदन गर्न चाहन्छु, हिजो बहुदल आइसकेपछि उदारीकरणको नाममा स्वास्थ्य र शिक्षालाई नीजि गर्ने काम, व्यापारीकरण गर्ने काम कसले, कुन पार्टीले र कुन नेतृत्वको सरकारले गरेको थियो ? एकछिन. म स्मरण गर्न मात्र चाहन्छु । सबै कुरा समेटिएको यो विनियोजित विधेयक यो सिद्धान्त र प्राथमिकताको बारेमा सुझाव राख्नुको निम्ति राख्नु मात्रै, आलोचना गर्नुको निम्ति गर्नु के नै कुरा छ र, सबै कुरा समेटिएको छ । तसर्थ, हाम्रो पार्टीको तर्फबाट, मेरो व्यक्तिगत तर्फबाट आफ्ना भनाईहरु यहीँ टुंग्याउछु । धन्यवाद । नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन म समय दिन्छु ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, सर्वप्रथम यो कोभिड दोस्रो लहरबाट सम्पूर्ण विश्व र नेपालभरि यसबाट ज्यान गुमाउनु हुनेमा सर्बप्रथम भावपूर्ण श्रद्धाञ्जली । वहाँहरुको परिवारप्रति हार्दिक समवेदना र  यो रोगलाई जेनतेन सरकारको असक्षमताको बावजुत, आफ्नै बलवुतामा सञ्चो हुनको लागि कोसिस गरिरहनुभएको र पाएर पनि नपाएर पनि हस्पिटलमा आफ्नो स्वास्थ्य  उपचार गराइरहनुभएको सम्पूर्ण संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु । हो, हामी धेरै कुराहरु यो आठौं अधिवेशनमा गर्ने सिलसिलामा  हुन्थ्यौं तर धेरै माननीय ज्यूहरुले भन्नुहुन्थ्यो नैतिकता ठूलो कुरा होला त्यसपछि व्यवहार, व्यवहार के देखाइदैछ ? नैतिकता कहाँ छ र अहिले यो प्रदेश सभा कुन हिसावमा हामीले चलाउन खोजिरहेका छौं ? बोल्नका लागि चाहे

त्यो केन्द्रको आदरणीय, सम्मननीय प्रधानमन्त्रीज्यू वा प्रदेशका मुख्यमन्त्रीज्यू मिठो बोल्नुहुन्छ, सर्वदलीय सरकारको सम्म पनि कुरा गर्न भ्याउनुहुन्छ, तर कुनै पनि यो ३ वर्ष लगभग ४ वर्षको दौरानमा नेपली काँग्रेसले पहिला पहिलाको कुरा छोडौं, यो कोभिडले ग्रसित भइसकेपछि यो प्रदेशलाई यो रोगबाट मुक्त गराउनको लागि सबै पार्टीहरु, सबै दलहरु सबै संघसंस्थाहरु, सबै जनताहरु एकै ठाउँमा उभिनुपर्दछ र यो रोगबाट सबै जनताहरुलाई बचाउनु पर्छ भन्ने हेतुले जुन कुराहरु नेपाली काँग्रेस लगायत धेरै माननीयज्यूहरुले उठाउनु भएको थियो, त्यो कुरामा सरकार अहिलेसम्म प्रवेश गर्न चाहँदैन त्यसमा काम गर्नुको सट्टा आफूलाई अहं, आफूलाई सर्वेसर्वा हुँदाहुँदै हाम्रा सम्माननीय प्रधानमन्त्रीज्यूले मैले नै यो सम्पूर्ण अहिलेको विकसित जुन, जुन देखि लिएर मोवाईल एप्सदेखि लिएर हुँदाहुँदा ड्रोनसम्म मेरो कारणले यो नेपालमा आएको भन्ने अहंकार प्रकट गर्नु भएको छ, त्यसले हामी आज कहीँ पुगिदैनौँ । आत्मरतिको लागि, आत्म सन्तुष्टिको लागि जनतालाई झुक्याउन सकिन्छ, तर जनताले बुझेका छन्, कुनै पनि प्रविधिहरु आफ से आफ विकास भएर जाने हो । हामीले रुख विरुवाहरुको बीउ रोपिसकेपछि त्यो सानो बेर्ना हुन्छ, बेर्ना भइसकेपछि बिस्तारै विस्तारै त्यसको गति लिएर एकदिन त्यो फल्छ, कुनै कुनै नफल्न पनि सक्छ । मैले नै सबैथोक गर्न सक्छु, म विनाको यो संसार अधुरो छ, म नै सबैकुरा जान्ने हो भन्ने जुन एउटा केन्द्रमा भ्रम छरिएको छ त्यसैलाई कपी गर्दै आज गण्डकी प्रदेशमा पनि जुन कुराहरु आएको छ, हामीले सदासयताका साथ भन्ने गरेका थियौँ, सुझाव दिने गरेका थियौँ, ती सुझावहरु सर्वसम्मत यही सदनबाट पास गर्दा पनि आज त्यो कहीँ कतै पुगेको छैन । फेरी जुन सरकार, ठिक छ पृथ्वी गुरुङको सरकार नै वहुमतमा पुग्ने हो भने हामीलाई केही भन्नु छैन, हामी एउटा रचनात्मक प्रतिपक्ष भएर त्यो सरकार प्रदेशको जनताको विकासको उन्नतिको लागि गुण दोषको आधारमा सपोर्टको कुरा गर्ने प्रतिवद्ध छौँ । आज यो सरकारलाई हतारो भयो ? यो नीति, सिद्धान्त र प्राथमिकता ल्याउन किन हतारो भएन ? आफूलाई एउटा सक्षम,

नैतिकवान सरकारमा परिणत गरेर आज एउटा सक्षम परिणत गरेर, विश्वासको मत लिएर आज यी सबै प्रकृयाहरु अघि बढाइदिएको भए आज यी प्रदेशका जनताहरुले के भन्ने गर्थे भने हो, सबै कानुन मात्र हुँदैनन्, व्यवहार पनि हुन्छन् । नैतिकता पनि हुन्छन् र यो देखाउनु पर्ने वाध्यता नभए तापनि सघन चल्ती रीतिरिवाजहरु हुन्छन् त्यसका प्रजातन्त्र र लोकतन्त्रका हिमायतीहरुले आफूलाई प्रमाणित गर्नु पर्ने बेला पनि हुन्छन् । त्यो कुरा आजभोलि  गण्डकी प्रदेशका सरकारले गरेको भए आज जुन कुरा मुख्यमन्त्रीज्यूले उठाउँदै आएको छ, त्यो कुरामा प्रमुख प्रतिपक्ष दल लगायत सम्पूर्ण नेपाली जनता प्रदेशका जनताहरु जुन रोगबाट ग्रसित भएका छन्, सरकारको ध्यान ती जनताहरुलाई बचाउनको लागि, ती जनताहरुलाई रोगबाट उन्मुक्ति दिलाउनको लागि जसरी लाग्नु पर्ने थियो त्यो लागेको देखिदैन । यो जुन एउटा अर्थमन्त्रीजीले ल्याउनुभएको दस्तावेज छ यसले त म यो प्रदेशमा सधैँ रहिरने स्थायी सरकार हो । मलाई कसैले चलाउन सक्दैन, चाहेर पनि, नचाहेर पनि, जुन चिजमा रहेर पनि, अघि पूर्ववक्ता माननीयज्यूले भनिसक्नुभएको छ, कसले के गर्न सक्छ ? हामी जसरी पनि केन्द्रमा अनेक तिकडम लाएर,  नैतिक पतन भएर, जनताहरुले जति सत्तोसराप गर्दा पनि, कानुनले, संविधानले नदिदा पनि बजेट ल्याएको छौँ, प्रदेशमा पनि ल्याउछौँ भनेर सगौरव भन्नुभएको छ, यहाँ भन्दा मैले अरु केही भन्दिन । जो मान्छे नैतिकवान छैन, जो मान्छे जनताप्रति उत्तरदायी छैन, जो मान्छे यो प्रदेश सभा प्रति उत्तरदायी छैन, त्यसलाई मैले यहाँ भन्दा बढी यो रोष्टमबाट बोल्न जरुरी छैन । त्यसैले उहाँले भने बमोजिम इतिहासले, जनताले एक न एक दिन सजायँ दिने छन् र यसको मूल्यांकन गर्नेछ । त्यसको लागि प्रमुख प्रतिपक्ष लगायत सम्पूर्ण यो प्रदेशमा रहेका चारै दलहरु प्रतिक्षामा छौँ । हामी जनतालाई भन्न चाहन्छौँ, हामी जनताको स्वास्थ्यको खेलवाड गर्न चाहँदैनौं । यो सरकार जुन दिनसम्म रहन्छ नैतिक रुपमा, कानुनी रुपमा त्यसले अरु काम गर्ने होइन, यो काम चलाउ सरकार हो, यो अल्पमतका सरकार हो, सरकारमा रहँदासम्म डे टु डे काम गर्नुपर्छ ,जनताको समस्याहरुलाई संवोधन गर्नु

पर्दछ, अहिले तट्कारो रुपमा जनताको समस्या भनेको के थियो ? जनताको समस्या भनेको अहिले रोग छ । कोभिडबाट पीडित जनताहरुले बेड पाएका छैनन्, अक्सिजन पाएका छैनन्, आइसुलेसन पाएका छैनन्, भेन्टिलेटर पाएका छैनन् । खोप लगाउने भनेर सम्माननीय प्रधानमन्त्रीले ३ महिनाभित्र सम्पूर्ण देशवासीले पाउँछन् भनेको अहिले २ प्रतिशत जनताले पाएका छैनन्, त्यतातिर यो सरकार जानु पर्ने हो कि होइन ? त्यतातिर जानको म विशेष रुपमा आग्रह गर्दछु, र यो अल्पमत सरकारले आफूलाई प्रमाणित नगर्दासम्म, नैतिकवान नबनाउँदा सम्म कुनै पनि कामकारवाही गर्नको निम्ति आग्रह गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु,

**माननीय मिन प्रसाद गुरुङ**

सभामुख महोदय, गण्डकी प्रदेश सरकारका अर्थमन्त्री माननीय किरण गुरुङद्वारा हिजो मात्रै यो सम्मानित सदनमा प्रस्तुत विनियोजन विधेयक २०७८ को प्राथमिकता र सिद्धान्तको बारेमा छलफल गर्न हामी यहाँ उपस्थित भएका छौं र यसमा आफ्ना केही धारणाहरु राख्ने सभामुख समक्ष अनुमति चाहन्छु ।

माननीय सभामुख महोदय,

प्रदेश सभाको नियमावली २०७४ को नियम १३३ उपनियम २ अन्तर्गत प्रदेश सरकारले विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्तको बारेमा सदन समक्ष प्रस्तुत गर्ने जुन तपाई हामी सम्मानित सदनबाट बनाएको नियमावली अन्तरगत यहाँ प्रस्तुत भएको छ र त्यसको छलफलको बारेमा आफ्नो धारणा राख्न गइरहेको छु । हामीहरुले यो प्राथमिकता र सिद्धान्तको कुरा गरिरहँदाखेरी स्वभाविक रुपले हिजो एउटा क्लासिकल बजेटको प्रिन्सिपल वा शास्त्रीय मान्यता अनुसार भन्दा पनि अहिले यो न्यू

क्लासिकल जुन एक खालको बजेटको नीति, कार्यक्रमहरु साथसाथै अहिले यो समयसन्दर्भले छलफल गर्ने क्रममा मलाई लाग्छ सरकारले पनि त्यही अन्तरगत हामी यहाँ प्रस्तुत भइरहेको देखिन्छ । जुन यो प्रि बजेट प्रिन्सिपल भन्दा सँगसँगै आगामी आउने बजेटलाई पनि निर्देशित गर्ने खालका यहाम हामीहरु सहभागी भइराखेका छौँ । स्वभाविक रुपले अहिले हामीहरु परिवर्तित समयमा परिवर्तनशील जनतासँग उत्तरदायी हुँदै र सँगसँगै हामीहरु आवधिक योजनाहरुलाई अनि समयसापेक्ष बजेटहरुलाई प्रस्तुतीकरण गर्ने र त्यसलाई निर्देशित गर्ने प्राथमिकता र सिद्धान्तहरुको विषयमा सदनमा जानु पनि स्वभाविक हुन्छ । त्यहीलाई नै हामी जुन प्राक्टिस, हामी हिजो देखिन् अवलम्वन गर्दै आइ आइरहेका छौँ, त्यही अनुसार आज हामी यहाँ उभिराखेका छौँ । संभवत मलाई लाग्छ, विगत वर्षहरु जस्तै गण्डकी प्रदेश सरकारले ज्यादै मेहेनतका साथ कार्यक्रमहरुलाई निर्देशित गर्ने, भोलिको पोष्ट बजेटलाई निर्देश गर्ने खालको अहिले यो सिद्धान्त र प्राथमिकतालाई अनुसरण गर्ने र अवलम्वन गरेर दस्तावेजको रुपमा यो सदन समक्ष प्रस्तुत गरिरहेको छ । सीमित स्रोत, साधनको बावजुत बढी भन्दा बढी यसलाई कसरी कार्यान्वयन गर्ने प्रयोजन स्वरुप, आवधिक योजनाहरुको लक्ष्यहरु प्राप्ति गर्ने, प्रदेश गौरवका योजनालाई पूर्णता दिने कुरा, सामाजिक न्यायमा आधारित जुन खालले हामी हिजोदेखि हाम्रा दस्तावेजहरुले हामीले प्रतिवद्धता जाहेर गरिरहेका छौँ, ती वित्तिय अनुशासनहरु कायम गर्ने कुराहरु देखि लिएर र समग्रमा सन्तुलित विकास कसरी गर्ने ? र आर्थिक वृद्धि, रोजगार देखि सिर्जना गर्ने कुराहरु यी कुराहरुलाई प्राथमिकताका साथ यो चाहिँ सिद्धान्त र प्राथमिकता आएको म ठान्दछु । सिद्धान्ततः बजेटले यो प्रस्तावले मलाई लाग्छ, के सैद्धान्तिक कुराहरुलाई जुन खालले हिजो सरकारले या अहिले, हामी अहिले चाहे संघीय सरकारको कुरा होस् या प्रदेश सरकारका कुरा, त्यसले अवलम्वन गर्नु पर्ने, दिगो विकासको कुरा, पन्ध्रौ योजनाका अवधारणका कुराहरु स्वयं र गण्डकी प्रदेश आफैले बनाएको पञ्चवर्षिय योजना त्यसलाई नै आधार भएर यो सिद्धान्त र

प्राथमिकता मलाई निर्धारण गरेको छ, त्यो स्वभाविक पनि हो । सँगसँग यसको प्राथमिकता भित्र हिजोका भइरहेको वहुवर्षिय योजनाहरु, प्रदेश गौरवका योजनाका कुरा देखि लिएर अनि गरिबी निवारणको कुरादेखि लिएर, आयआर्जनका कुराहरु, कृषि उद्यम संचालन गर्ने कुरा त्यो भन्दा पनि सबभन्दा महत्वपूर्ण कुरा हामी समयक्रमले जसरी पूर्व विद्वान माननीयज्यूले भन्नुभएको जस्तै हामी विकासको एउटा निरन्तरतामा गइरहेको बेलामा, अप्रत्यासित कसैले पनि कल्पना गर्न नसकेको जुन खालले एउटा पेन्डामिक महामारी विश्व महामारीको रुपमा विश्वलाई नै चाहे त्यो आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रलाई प्रभावित गर्ने किसिमबाट जुन एउटा महामारीको रुपमा सृजना भयो त्यसलाई पनि च्यालेन्ज गर्दा अर्थात त्योसँग पनि प्रतिरोध गर्दै अरु सामाजिक या अभयवहरु, आर्थिक गतिविधिका कुराहरु, विकास निर्माणका कामहरुलाई अगाडि लैजानु पर्ने निरन्तरता र त्यो वाध्यता थियो त्यो स्वभाविक रुपले त्यो सँगसँगै भइरहेका निरन्तर गतिविधिहरु र सरकारले सालबसाली गरेको कामहरु त्यो महामारीसँग जुद्धनु पर्ने थियो त्यो अपरिहार्य थियो, त्यही आधारबाट त्यसलाई अहिले पनि एउटा कुरा के गर्न चाहन्छु भने यो प्राथमिकतामा राखिएको छ । तर म एउटै कुरा मात्र के निवेदन गर्न चाहन्छु भने यो प्राथमिकता र सिद्धान्तको कुरा गरिरहँदाखेरी हामीहरुले जसरी यो प्राथमिकता र सिद्धान्तका कुराहरु गरेका छौं यसबाट दोहोरिएर हाम्रा नीति कार्यक्रहरु त्यसबाट निर्देशित हाम्रो बजेट आयो भने तापनि त्यो तादम्यता र त्यो कार्यान्वयनका कुराको पनि धेरै हदसम्म सार्थकता पाउँछ भन्ने मलाई लाग्छ । यो सँगसँगै यहाँ के कुराहरु यहाँ उठेका छन् विद्वान माननीयज्यूहरुले यो कुरा उठाइरहनुभएको छ । संवैधानिकताका कुरा, नैतिकताको कुराहरु पनि उठाइरहनुभएको छ, मलाई लाग्छ अहिले पनि हामीहरु यहाँ उभिराखेका छौं, यो कुनै हतारो हो भन्ने मलाई लाग्दैन । विद्वान् माननीयहरुले यही सम्मानित सदनबाट प्रदेश सभा नियमावलीमा जुन धारा ३३ को ४ हेर्नुभयो भने त्यहाँ प्रष्ट हामी बनाएको यही सदनबाट पास गरेको नियमले के भन्छ भन्दाखेरी कुनै पनि बजेटको प्राथमिकता र

सिद्धान्त बजेटको विनियोजन हुनुभन्दा १५ दिन अगावै हामीले त्यसलाई छलफलमा टुंग्याउनु पर्ने हुन्छ । त्यसो भएको हुनाले यो दायित्व, यो सदनको हो कि होइन ? त्यतातिर हामी गम्भिर हुने हो कि होइन ? यो गम्भिर प्रश्न यहाँहरु समक्ष म तेर्साउन चाहन्छु । त्यति मात्र होइन, मलाई लाग्छ सरकारकै कुरा गरिरहने बेलामा, यहाँ प्राथमिकता र सिद्धान्तको कुरा गरिरहने बेलामा हिजोका पनि हामीहरुको कुरा केही भएनन् अब पनि हुने आशा छैन, हाम्रो विमतीको कुरा यसमा सहभागी हुने औचित्यको कुरा उठाउनु भएको छ । त्यसो भए हिजो ११ वटै जिल्लामा हस्पिटलहरुमा बेड बनाउने कुरा, आइसियु बनाउने कुरा अनि अक्सिजन प्लान्ट बनाउने कुरा यहाँहरुको प्राथमिकतामा थिएन ? यहाँहरुको सहमति होइन ? त्यस्तै गरेर एक घर एक धाराको कुरा, एक निर्वाचनको कुरा, पुलका कुरा, खानेपानीका कुरा अनि उज्यालो प्रदेशको कुरा यहाँको सहमति थियो कि थिएन ? मलाई लाग्छ यहाँको आफ्नै पालिकाको केन्द्र जाँदा  कुरा अहिले पालिकामा जानेको कुरा, यहाँहरु कुनै पालिकाको पुल तरेर जाँदै गर्दा त्यही पालिकाको पुल तरेर, बाटो बनाउदै जानुभयो होला, यहाँहरुको विमतिको हो, यहाँहरुको खानेपानीको कुरा होला, यहाँहरुको विमति हो ? त्यसो भएको हुनाले अलिकति गम्भिर भएर, अलिकति जिम्मेवार भएर यहाँहरुचाहिँ यो प्रस्तुत हुँदा यो सदनको गरिमा रहन्छ भन्ने मलाई लाग्छ । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, कोरोनाका कारणले मृत्युवरण गर्न वाध्य हुनुभएकाहरुप्रति श्रद्धासुमन प्रकट गर्दै कोरोनाको कारणले बाँच्न संघर्ष गरिरहनुभएका, हस्पिटल गयो भने बासै रहँदैन, हस्पिटल नगयो भने सासै रहँदैन, त्यो वाध्यतामा अहिले नागरिकहरु छन् । मैले आज बिहान एउटा हस्पिटलमा १९ लाखको बील कोरोना पीडित कोरोनाको

उपचार गरिरहेको अभिभावकले १९ लाखको बील आयो र यो बीलबाट मैले कसरी मेरो परिवारलाई लिएर जाने ? र म अब के गर्ने होला अलिकति चन्दा सहयोग उठाइदिनु हुन्छ कि भन्दै आग्रह गरेको कुरा पनि यहाँ स्मरण गराउँदै हस्पिटल नगए सास रहँदैन र हस्पिटल गए बासै रहँदैन भन्दै बाँच्नका लागि संघर्ष र जीजिविसा गरिरहनुभएको कोरोना पीडितहरुलाई शीघ्र स्वाथ्यलाभको कामना गर्दै आफ्ना भनाईहरु अगाडि बढाउन चाहन्छु ।

गत वर्ष कोभिडबाट ३ जना मानिसहरुलाई प्रभावित भएको बेलामा हाम्रो सदनमा मैले आफ्ना भनाईहरु राख्दाखेरी यो अहिले भत्केरीको रुपमा आएको छ, यसले जन्ती लिएर आउँदाखेरी पनि हामीले कसरी म्यानेज गर्ने होसियार रहौं है भनेर मैले यहाँ स्मरण गर्दै हामी जति होसियारी र व्यवस्थापन पक्षमा लाग्नुपर्थ्यो चुक्यौं भन्ने कुराको पनि स्मरण गराउँदै म अगाडि बढ्न चाहन्छु ।

सभामुख महोदय,

मेरो हजुरबुवा एउटा वैद्य हुनुहुन्थ्यो । म सानो ८-९ वर्षको उमेरमा बेस्करी बिग्रेको एउटा घाउलाई कुकुर बोलाएर चटाएर निको पार्न थाल्नुभयो र निको पार्नुभयो, त्यो प्रविधि पनि रहेछ उपचारको । अनि मलाई चाहिँ जिज्ञासा भयो, यसरी अरु जन्तुहरुलाई चटाएर निको हुन्छ र भन्दाखेरी कुकुरको जिव्रो नरम हुन्छ र यसको जिब्रोमा धेरै गुणहरु हुन्छन्, त्यसो भएकोले चटाएको, सबैमा जिव्रोमा हुँदैन भनेर भन्नुभयो । अनि बाघको जिब्रो चटाएर पनि निको हुन्छ त भन्दा त बाघको कथा पनि सुनाउनु भयो अनि उहाँले भन्नुभयो, बाघको जिव्रो खस्रो हुन्छ त्यसले त घाउ चाट्यो भने आफ्नै घाउ चाटेर पनि सिद्धिन्छ र अरुको घाउ चाट्यो भने पनि सिध्याउँछ भन्नुहुन्थ्यो । अहिले हाम्रो सम्माननीय प्रधानमन्त्रीको जिव्रो खस्रो छ । उहाँले आफ्नो खस्रो जिव्रोले घाउ बनाएको बनाएकै हुनुहुन्छ । आफ्ना सहयात्री साथीहरुलाई पनि विच्क्याइरहनु भएको छ । सही सुझावको अभावका कारणले यो वास्तवमा अहिले यो

समस्या गुज्रिरहेको छ । त्यो उहाँको खस्रो जिब्रोमा त्यो बाघको जस्तो तर उहाँ त बाघ त बाघ नै हो तर जिब्रो खस्रो छ । कुकुरको जस्तो गुणी जिब्रो प्रधान सम्माननीय प्रधानमन्त्रीको फैदिए हुन्थ्यो भन्ने माननीय सभामुख मार्फत् आग्रह पनि गर्छु । अनि एउटा नीति शास्त्रमा एउटा खराव मान्छेसँग एउटा सज्जन मान्छे धेरै दिन सहयात्रा गर्‍यो भने त्यो खराव मान्छेले गरेको ६० प्रतिशत पापको भागी दशांश सम्म ६ अंश चाहिँ त्यो पापको भागी त्यो सज्जन मान्छे पनि हुन्छ भनेर नीति शास्त्रमा भनिएको छ । त्यसो हुनाले हामी कतै यहाँ यो प्रदेश सरकारको बारेमा, माननीय पृथ्वीसुव्वा गुरुङका बारेमा पनि यहाँ राम्रा काम गरेको, राम्रो मान्छे भन्ने कुरा पनि यहाँ चर्चामा आउन थाल्यो तर खराव मान्छेको संगतले त्यो ६० प्रतिशत दोषको भागी उहाँ पनि हुनुभएको छ । यसले यो राष्ट्रमा त्यो विशृंखलता बढाउने काममा उहाँ पनि मद्दतगार हुनुभएको छ, त्यसैले प्रश्न उठेको छ । धृतराष्ट्रलाई वेदव्यास आएर धृतराष्ट्रले भिष्म पितामहलाई कृष्ण सबैले सम्झाएर हो तपाईं गल्ती गर्दै हुनुहुन्छ, पाण्डवहरुलाई अधिकार दिनुहोस् भन्दा ठिकै हो भन्ने, दुर्योधन आएर शकुनी आएर फेरी होइन भनेर भनेपछि पुत्रमोहमा परेर गडबड गर्दै जाने । अहिले त्यो कारणले धृतराष्ट्रको गरिमा घट्दै गर्दै गयो, धृतराष्ट्रको महिमा घट्दै गयो । अहिले हाम्रो सम्माननीय राष्ट्रपति महान् नेता मदन भण्डारीको धर्मपत्नी हुनुहुन्छ उहाँलाई के.पी. ओलीको मोहमा, के.पी. ओलीका गुटको मोहमा र केही शकुनीहरुको फन्दामा परेर वहाँले आफ्नो मर्यादा बचाउन सक्नुभएको छैन । त्यस्तै गरेर यस प्रदेशमा आउनुभएको नवनियुक्त प्रदेश प्रमुख आउँदै आउँदै बाटोमा यहाँका सभामुखको राजिनामा माग्ने वखत देख्नुभयो र अरु थुप्रै असंवैधानिक कुराहरु गर्नुभयो र वहाँले पनि आफ्नो मर्यादा र सम्मानबाट आफै बिराउनु भयो, उहाँप्रति पनि सहानुभूति प्रकट गर्न सकिन्छ । यिनै कुराहरु राख्दै, यो जुन प्रि-वजेटको सन्दर्भ आएको छ, अस्ति मणिपाल अस्पतालमा एउटा ३८ वर्षे राजन के.सी भन्ने युवक हाम्रो वाग्लुङ भिमविछेको एउटा युवक सिरियस हुनुभयो । उहाँको १३ वर्षको बच्चालाई काठमाडौंमा पढ्दै गरेको बच्चालाई

आकस्मिक बोलाएर व्रतवन्ध गर्ने प्रबन्ध गराइयो । हाम्रो बाहुन, क्षेत्रीको संस्कार अनुसार सकभर छोरालाई व्रतवन्ध गराएपछि काजक्रिया उसैले गरोस् भन्ने चलन त्यो आधारमा गराइयो । १३ वर्षको बच्चालाई बोलाएर उमेर पनि नपुगेको म्याचुअर्ड पनि नभएको विद्यार्थीलाई बोलाएर व्रतवन्ध गराइयो । यहाँ यो बजेटको सन्दर्भमा आवश्यकताको सिद्धान्त के हो ? भन्दा यो अहिलेको सरकार विश्वासको मत नलिईकन बजेट जस्तो गम्भिर विषयमा प्रवेश नगर्दा राम्रो हुन्थ्यो, त्यसले आवश्यकताको सिद्धान्तको परिपूर्ति गर्थ्यो, न्यायको सिद्धान्तको परिपूर्ति गर्थ्यो, त्यसैले हाम्रो आग्रह पहिला विश्वासको मत लिएर अनि उहाँलाई विश्वासको मत आयो भने, हिजोका दिनमा हामी सौहर्दतापूर्वक आफ्ना राय, सुझावहरु राख्दै अगाडि बढ्ने विश्वास दिलाउन चाहँदै, यदि उहाँलाई विश्वासको मत प्राप्त हुन सकेन भने वैकल्पिक सरकार बनाउने बाटो खुला गरिदिएर लोकतान्त्रिक संस्कार, लोकतान्त्रिक चरित्र प्रदर्शन गर्न अनुरोध गर्दै आफ्ना भनाईहरु यही अन्त गर्दछु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु,

अब यो बैठक २०७८ जेठ १९ बुधबार दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।